# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २८८ | काठमाडौं | शुक्रबार, ४ फागुन २०८० | Prabhab National Daily | Friday, February 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं**

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरूले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामा समेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेर मात्र वैदेशिक रोजगारमा जाऔं ।

"वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।"

नेपाल सरकार
विज्ञापन बोर्ड


## माओवादीमा दाहालकै मनोमानी



- माओवादीले टिके प्रथा अन्त्य गर्ने
- माओवादी नाम र चुनाव चिह्न नफेरिने
- केन्द्रीय समिति १९९ जना कायम, ११ जना पदाधिकारी

■ जेबी योञ्जन

**काठमाडौं–** सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रमा फेरि पनि अध्यक्ष पुष्पकमल दाहालकै मनोमानी देखिएको छ । पार्टी नेतृत्व प्रत्यक्ष निर्वाचनबाट चुन्ने विषयमा तीन दिन छलफल चलाएर अध्यक्ष दाहालले आफ्नै मनोमानीअनुसार विधान पारित गरेका छन् ।

उपमहासचिव जनार्दन शर्माले विधान अधिवेशनबाट पदाधिकारीसहितको प्रत्यक्ष निर्वाचन प्रणालीमा जाने पुरक प्रस्ताव राखेका थिए । तर उनको प्रस्ताव अस्विकृत भयो । अध्यक्ष दाहालले पार्टी केन्द्रीय समिति भने प्रत्यक्ष निर्वाचित गरिने बताए ।

'२० वटा समूहका कमरेडहरूबाट आएका सुझावहरूलाई आधार मान्दै पदाधिकारी बैठकले अब विधानमै प्रत्यक्ष चुनाव प्रणालीको अभ्यास गर्ने निर्णय भएको छ । यो केन्द्रीय समितिमा हुन्छ', विधान अधिवेशनको समापनलाई सम्बोधनमा दाहालको भनाइ उद्धृत गर्दै पोलिटब्युरो सदस्य इन्द्र आङ्बोले भने, 'पदाधिकारी चाहिँ केन्द्रीय समितिले निर्वाचित गर्ने ।'

माओवादीका दोस्रो र तेस्रो पुस्ताका नेताहरूले पार्टीलाई प्रत्यक्ष चुनाव प्रणालीमा लानुपर्ने सुझाएका थिए । सर्वसम्मतको नाममा गरिने मनोनीतले पदको गरिमासमेत कायम नभएको भन्दै प्रत्यक्ष चुनाव नै उपयुक्त हुने बताएका थिए । विधान अधिवेशनअघि पार्टीको तल्ला कमिटीबाट राय लिँदा उनीहरूले पनि प्रत्यक्ष (क्रमशः पृष्ठ २ मा)

**कांग्रेसको नीति प्रस्ताव**

## 'अर्थतन्त्र लयमा नआउनुमा ओली दोषी'

**काठमाडौं (प्रस)–** फागुन ७ बाट ललितपुरको गोदावरीमा सुरू हुन लागेको महासमितिका लागि नेपाली कांग्रेसले तयारी तीव्र पारेको छ । बिहीबार कांग्रेसले यही तयारीका लागि केन्द्रीय समिति बैठकमा छलफल सुरू गरेको छ । बैठकमा उपसभापति पूर्णबहादुर खड्काले पार्टीको राजनीतिक नीति प्रस्ताव गरेका छन् भने महामन्त्री गगन थापाले सांगठनिक प्रस्ताव पेश गरेका छन् । (क्रमशः पृष्ठ २ मा)

**ललिता निवास प्रकरणको फैसला**

# नेतृत्वलाई सफाइ, कर्मचारी र बिचौलियालाई सजाय

- पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीले सफाइ पाएका छन्
- खिलराज रेग्मी नेतृत्वको पालामा मन्त्री बनेका छविराज पन्तलाई भने अदालतले दोषी ठहर गरेको छ
- भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरूङलाई २ वर्ष जेल सजाय र ८० लाख जरिवाना
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त दीप बस्न्यात पनि दोषी ठहर


विजय गच्छदार


चन्द्रदेव जोशी


फैसला सुनाउँदै विशेष अदालतका प्रवक्ता धनबहादुर कार्की ।


दीप बस्न्यात


मीनबहादुर गुरूङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित ललिता निवास जग्गा घोटाला प्रकरणमा मुछिएकामध्ये कर्मचारी र बिचौलिया दोषी ठहरिँदा नेतृत्वमा रहेका पूर्वमन्त्रीहरूले भने निर्दोष साबित भएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त दीप बस्न्यात, व्यवसायी मीनबहादुर गुरुङसहित तत्कालीन मालपोत र भूमिसुधार कर्मचारीलाई जग्गा हिनामिनामा हानीनोक्सानी गरेको अदालतले ठहर गरेको छ ।

### नेतृत्वलाई सफाइ

पूर्वमन्त्री एवं कांग्रेस नेता विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, डम्बर श्रेष्ठले यो प्रकरणमा सफाइ पाएका छन् । अदालतले ललिता निवास जग्गा प्रकरणमा तत्कालीन समयमा भौतिक मन्त्री रहेका गच्छदार, श्रेष्ठ र जोशीको आरोप दावी पुग्न नसकेको ठहर गर्दै सफाइ दिएको हो । मन्त्रिपरिषद्को निर्णयमा मन्त्रीको एकल भूमिका नहुने तर्क विशेष अदालतको अर्को तर्क छ ।

'मन्त्रिपरिषदबाट सामूहिक रूपमा गरेका नीतिगत निर्णयहरू आयोगको क्षेत्राधिकार भित्र नपर्ने देखिएको भनी आयोग स्वयंले दाबी गरिरहेको देखिँदा मन्त्रालयबाट कुनै एकल निर्णय गरेको बादीदाबी नरहेको तथा मन्त्रिपरिषदको मिति २०६६ चैत २९ को सामूहिक निर्णयमा हस्ताक्षर गर्ने कुनै एक जना मन्त्रीलाई मात्र मुद्दा दायर गर्ने क्षेत्राधिकार पुग्ने भन्न नमिल्ने,' अदालतको आदेशमा भनिएको छ, 'मन्त्रालयको नीतिगत निर्णयसम्मको जिम्मेवारीमा रहेका प्रतिवादी विजयकुमार गच्छदार उपरको दाबी पुग्न नसक्ने र मन्त्रिपरिषदको मिति २०६७ वैशाख ३१ को निर्णयका लागि प्रतिवादी छविराज पन्तले पेश गरेको मिति २०६७ वैशाख २७ गतेको प्रस्ताव स्वीकृत गरेको आधारमा मात्र सामूहिक निर्णयको हस्ताक्षरकर्ता रहेका मन्त्रालयबाट कुनै एकल निर्णय गरेको पुष्टि हुने प्रमाणको अभावमा मन्त्रालयको नीतिगत निर्णयसम्मको जिम्मेवारीमा रहेका प्रतिवादी डम्बर श्रेष्ठ उपरको आरोप दाबी पुग्न नसकी प्रतिवादीहरू बिजयकुमार गच्छदार र प्रतिवादी डम्बर श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।'

यसैगरी अर्का प्रतिवादी चन्द्रदेव जोशीले तत्कालिन भूमिसुधार तथा व्यवस्था मन्त्रीको हैसियतले नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्न सोही प्रस्तावलाई स्वीकृतिसम्म जनाएको देखिन आएको आलोकमा सो कार्य निज प्रतिवादीहरूको बदनियत तत्वको अभाव देखिएकाले जोशीले आरोप दाबीबाट सफाइ पाउने ठहर्ने अदालतको आदेशमा उल्लेख छ । अख्तियारले गच्छदार र श्रेष्ठविरुद्ध ९ करोड ६५ लाख र चन्द्रदेव जोशीविरुद्ध ७ करोड ८ लाख बिगो माग गरेको थियो ।

यता खिलराज रेग्मीको पालामा मन्त्री बनेका छविराज पन्तलाई भने अदालतले दोषी ठहर गरेको छ । उनको बारेमा फैसलामा भनिएको छ, 'भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव प्रतिवादी छविराज पन्तले मन्त्रिपरिषद्को मिति २०६६ चैतको २९ को बुँदा नं २ समेत कानूनसम्मत रूपमा कार्यान्वयन गर्नुपर्नेमा सो नगरी तहगत रूपमा टिप्पणी उठाइ सदर गरी भूमि सम्बन्धी ऐन २०२१ जग्गा प्राप्ति ऐन २०३४ समेतका प्रबन्धहरू छल्ने बदनियतले पारदर्शीताको सिद्वान्त विपरित मालपोत कार्यालय डिल्लीबजारले गर्ने भनी परिसर विस्तार क्षेत्रभित्र पर्ने र बाहिर पर्ने जग्गाको मोही हकमा आधा जग्गा नेपाल सरकार समरजंग कम्पनीको नामबाट मोहीका नाममा दाखिल खारेज गर्ने समेतका प्रस्ताव पेश गरेबाट मन्त्रिपरिषद्बाट मिति २०६७ वैशाख ३१ मा प्रस्ताव बमोजिम गर्ने भनी निर्णय भएको देखियो ।' पूर्वसचिव दिनेशहरि अधिकारीलाई पनि अदालतले सफाइ दिएको छ । (क्रमशः पृष्ठ ३ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## मागपत्र प्रमाणीकरण नहुँदा 'पेन्डिङ'मा रोजगारीको अवसर

■ मोहन प्रसाद पन्त

**काठमाडौं–** समयमै मागपत्र प्रमाणीकरण हुन नसक्दा रोमानियाको विभिन्न क्षेत्रबाट आएको रोजगारीको अवसर 'पेन्डिङ'मा परेको छ । सन् २०२४ को प्रारम्भबाटै उच्च प्राथमिकता दिएर नेपालबाट श्रमिक लैजाने गरी रोमानियाले रोजगारीको अवसर दिएपनि सम्बन्धीत कुटनीतिक नियोगबाट समयमै मागपत्र प्रमाणीकरण नहुँदा पेन्डिङमा परेको छ ।

रोमानियाले २०२४ को लागि २० हजार नेपालीलाई रोजगारीको लागि भिसा दिने पक्का गरिसकेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीले बताउँदै आएका छन् । यद्यपि प्रारम्भिक चरणमै माग प्रमाणीकरणमा समस्या देखिएपछि रोमानियाको रोजगारी अड्किएको मन्त्रालयकै एक उच्च अधिकारीले बताए । 'हाल रोमानियाको विभिन्न श्रम क्षेत्रबाट आएको ६ हजार बढी नेपालीको मागपत्र प्रमाणीकरण हुन सकेको छैन,' ती अधिकारीले भने, 'परराष्ट्र मन्त्रालयको मौनता र रोमानिया हेर्ने सम्बन्धीत कुटनीतिक नियोगका कर्मचारीको कमजोरी कारण यस्तो अवस्था आएको छ ।' सरकारले रोमानियालाई नेपालीको गन्तव्य मुलुकको रूपमा विकास गर्ने गत असोजमा द्विपक्षीय श्रम समझदारी गरिसकेको छ । समझदारी अनुसार समयमै श्रमिकहरूको मागपत्र प्रमाणीकरण हुन सके यसै वर्षभित्र २० हजारले रोमानियामा रोजगारीको अवसर पाउने बताइएको छ ।

५५ वर्ष लामो कुटनीतिक सम्बन्ध भएको रोमानियामा नेपाली राजदुतावास नभएका कारण पनि श्रमिकको मागपत्र प्रमाणीकरणमा ढिलाइ भएको हो । १० हजारभन्दा बढी नेपाली भएको ठाउँमा दुतावास स्थापना गर्ने नेपाल सरकारको निर्णय भएपनि अझै कार्यान्वय हुन नसक्दा रोमानियालगायतका गन्तव्य मुलुकबाट आएको मागपत्र प्रमाणीकरणमा समस्या देखिएको जानकारहरूको भनाइ छ ।

'श्रम समझदारी पश्चात रोमानिया सरकारले संस्थागत रूपमै २०२४ मा २० हजार नेपाली श्रमिक लैजाने कमिटमेन्ट नै गरेको छ,' सचिव भण्डारीले भने, 'महिला श्रमिकलाईसमेत लक्षित गरी सुरक्षित वैदेशिक रोजगारीको सम्बन्धमा आपसी सहकार्य गर्ने चाहना रोमानियाले राखेको छ ।' अहिले मागपत्र प्रमाणीकरणमा केही समस्या आएपछि छिट्टै हल हुने उनले बताए । यसलाई नियतबस नभई प्राविधिक समस्याको रूपमा बुझ्नुपर्ने सचिव भण्डारीको भनाइ छ ।

## साउदीमा थप ७४ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ७४ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र अकामा (बस्ने अनुमति) सकिएका वा नपाएकालाई एक्जिट भिसा दिएको हो । गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीति अनुरूप तीन हजार १०० बढी नेपालीहरूले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दुतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । दूतावासले अकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि अकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । साथै अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दुतावासको कार्यालय र जेद्धास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने बताइएको छ ।

## रसिया पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि रसिया पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गर्ने एक जना पक्राउ परेका छन् । रसियामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा मिलन तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

उदयपुरको उदयपुरगढी गाउँपालिका ९ फुलबारी भई हाल काठमाडौं स्वयम्भू बस्ने ३० वर्षीय तामाङले गणेश बिसीसमेत दुई जनालाई रसिया पठाई कन्ट्रक्सनमा मासिक एक लाख रूपैयाँ तलबमा कन्ट्रक्सनको लेबर काम लगाइदिने प्रलोभनमा पारी रकम ठगी गरेको प्रहरीले जनाएको छ । निज तामाङले पीडितसँग पटकपटक गरी एक लाख ६५ हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धाबाट खुलेको छ ।

रकम संकलन गरी फरार रहेका उनलाई खोजतलासका क्रममा सामाखुशीबाट पक्राउ गरिएको बताइएको छ । तामाङले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो ।

सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रबिन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं





गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–३, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### माओवादीमा...

चुनाव प्रणालीको औचित्य रहेको सुझाएका थिए । पार्टीका उपमहासचिव जनार्दन शर्माले २ माघमा फरक मतसहितको दस्तावेज पेस गरेका थिए ।

विधान अधिवेशनमा पार्टीको नाम फेर्ने बहस पनि उठेको थियो । वाम मोर्चा वा अन्य कुनै शब्द नामको रूपमा प्रयोग गर्ने भएको छ । 'नेपाल कम्युनिस्ट पार्टी कहिले पनि छाड्न सकिन्नँ । वाम मोर्चा समाजवादी मोर्चा, एकता इत्यादि हुँदा पछाडि पुच्छरबारे छलफल गर्ने विकल्प खुला राख्न सकिन्छ', अध्यक्ष दाहालले भने, 'हाल पार्टीको चुनाव चिह्न कायम राखिने छ ।'

माओवादीको चुनाव चिह्न गोलाकारभित्रको हँसिया हथौडा हो । यो नामलाई माओवादी नेताहरूले लामो भएको विधान अधिवेशनमा बताएका थिए । केन्द्रीय सदस्य हिमाल शर्माका अनुसार नाम लामो हुँदा भद्दा लागेको बताए । 'कम्तीमा तीन अक्षरको एक शब्दको चुनाव चिह्न कायम गरौं भन्ने छलफलमा उठ्यो', उनले प्रभावसँग भने ।

चुनाव चिह्नमा मतदाताले मतदान गर्ने हुन् । २०६४ मा भएको संविधानसभा चुनावमा अभूतपूर्व मत माओवादीको पाएको भनेको गोलाकारभित्रको हँसिया हथौडामै हो । त्यसबेला माओवादीले प्रत्यक्षतर्फ एकल बहुमत पाएको थियो । त्यसयता भएका हरेक चुनावमा भने माओवादीको हँसिया हथौडामा मत खस्ने क्रम घटेकोघटेकै छ । यसबाट माओवादी खुम्चिँदो छ । यहीबेला पार्टीको चुनाव चिह्न फेर्ने प्रस्ताव अधिवेशनमा आएको हो ।

माओवादी पोलिटब्युरो सदस्य आइबोले मत घट्दो क्रममा रहेकै कारण चुनाव चिह्न फर्ने कुरा भने नभएको बताए । उनका अनुसार चुनाव चिह्नको नाम लामो र भद्दा भएकै कारण फेर्ने सवाल उठेको हो । 'एमालेको छरितो छ । कांग्रेसको पनि त्यस्तै छ । हाम्रो चाहिँ गोलाकारभित्रको हँसिया हथौडा भन्नुपर्छ', उनले भने, 'हाम्रो नाम त्यति आकर्षक पनि भएन । जनताले सम्झिरहने खालको पनि भएन । त्यही भएर छरितो र सम्झिरहने खालको चुनाव चिह्न राख्नुपर्ने माग उठेको हो ।'

अधिवेशनमा केन्द्रीय समिति सानो आकारको बनाउने सुझाव प्राप्त भएको थियो । सोहीअनुसार केन्द्रीय समिति १५१ सदस्यीय हुनुपर्ने सुझाव समूहहरूले राय दिएको थियो । त्यसविपरीपत १९९ जना सदस्य नै केन्द्रीय सदस्य कायम गरिएको छ । पदाधिकारीको संख्या घटाएर ११ रहने प्रावधान विधानमा राखिएको छ । तर, योग्यता र कार्यावधिलाई पदाधिकारी रहन अत्यावश्यक आधार तय गरिने भएको छ । पार्टी सदस्यता पनि प्रत्येक दुई बर्षमा मात्रै नवीकरण गर्ने अधिवेशनलाई निर्णय गरेको छ ।

प्रदेशलाई बलियो बनाउने विषयलाई पनि उच्च प्राथमिकतामा राख्ने र संघीयता र समानुपातिक प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने पनि अधिवेशनको निर्णय छ ।

अनुशासन, लेखा परीक्षण र निर्वाचन आयोग केन्द्रमा बढीमा १५ सदस्यीय, प्रदेशमा ९ सदस्यीय र तल ५ सदस्यीय बनाउने भएको छ । उपत्यका विशेष प्रदेश समिति र सम्पर्क समिति यथावत रहने, सदस्य र पदाधिकारीको योग्यता र कार्यबधिबारे नियमावलीमा व्यवस्था गर्ने, जिल्ला समन्वय समिति नै यथावत राख्ने, जसबारे विचार स्वीकार गर्ने गरी स्वायत्त ढंगले सञ्चालन हुन दिने प्रावधान विधानमै उल्लेख गरिने भएको छ । माओवादीले १८ बर्ष पुरा नभएकालाई पार्टी सदस्यता नदिने भएको छ । यसअघि हलबाट भने पार्टी साधारण सदस्यता र संगठित सदस्यता १८ वर्ष पुगेपछि मात्रै दिने निष्कर्ष निस्किएको थियो ।

■■■

### अर्थतन्त्र...

उपसभापति खड्काको नीति प्रस्तावमा गठबन्धनका कारण कांग्रेस देशकै ठुलो दल बनेको उल्लेख गरिएको छ ।

उनको प्रस्तावमा केपी ओली नेतृत्वका यसअघिको सरकारका कारण देश अझै अर्थतन्त्रको लयमा फर्कन नसकेको आरोप लगाइएको छ । '२०७४ सालमा नेकपाको सरकारले लिएको गलत आर्थिक नीति तथा कार्यशैलीको कारण आजसम्म पनि अर्थतन्त्र लयमा फर्किन सकेको छैन,' खड्कको प्रस्तावमा भनिएको छ, 'त्यस समयमा ठुलो मात्रामा वैदेशिक ऋण लिने र अनुत्पादक क्षेत्रमा ठुलो लगानी गर्ने गलत नीति अख्तियार गर्ने कार्य भए । यसबाट लगानी गर्ने तर कुनै प्रतिफल प्राप्त हुन नसक्ने अवस्था बन्यो ।'

ओलीको पालामा भ्रष्टाचार उच्च तहमा पुगेकोसमेत नीति प्रस्तावमा उल्लेख छ । 'विगतमा गरिएका यस किसिमका गल्तीका कारण हाल अर्थतन्त्रका प्रमुख सूचकहरू ठिक हुँदाहुँदै पनि आन्तरिक अर्थतन्त्र जुन तहमा चलायमान हुनुपर्ने हो, त्यसो हुन सकेको छैन,' खड्काको प्रस्तावमा उल्लेख छ । प्रस्तावमा अर्थतन्त्र सुधारका लागि निजीकरणलाई जोड दिइएको छ । 'हाल देखिएका बेरोजगारी, गरिबी, अविकास, उद्योग कलकारखानाको अभाव लगायतका समस्याहरूको समाधान उदार खुला अर्थनीतिबाट मात्र सम्भव छ भन्ने नेपाली कांग्रेसको दृष्टिकोण रहेको छ । यसो गर्दै गर्दा लोककल्याणकारी राज्यको सिद्धान्तलाई व्यवहारमा उतार्दै जनतालाई आर्थिक र सामाजिक न्यायको अनुभूति दिलाउन कांग्रेस प्रतिबद्ध रहने छ,' प्रस्तावमा भनिएको छ, 'निजी क्षेत्रका लागि आवश्यक नीति, ऐन, कानुन तथा रणनीतिको तर्जुमा र निजी क्षेत्रले त्यसमा संलग्न भएर कार्य गर्ने नीतिले मात्र नेपालमा रोजगारीको सिर्जना, गरिबीको निवारण तथा द्रुत आर्थिक विकास सम्भव छ भन्नेमा हामी गहिरो विश्वास राख्दछौं । यसका लागि देशमा लगानीमैत्री वातावरण निर्माण गरिने छ ।'

वैदेशिक लगानी आउनको लागि अवरोधको रूपमा रहेका नीति, ऐन, कानुनको समीक्षा गरी त्यस्तो अवरोधहरूको अन्त्य गरी नेपाललाई दक्षिण एसियाकै एक आकर्षक वैदेशिक लगानीको गन्तव्यको रूपमा विकास गरि तीव्र रोजगारीको सिर्जना गरिनेसमेत प्रस्तावमा उल्लेख छ ।

#### १५ औं महाधिवेशन विधानसम्मत गरौं - महामन्त्री थापा

महामन्त्री गगन थापाले शेरबहादुर देउवा नेतृत्वका कांग्रेस बलियो बन्दै गएको उल्लले गर्दै पार्टी चारैतिर फैलिएको सांगठनिक प्रस्तावमा उल्लेख गरेका छन् । 'देशभित्र र देशबाहिर सबैतिर फैलिएको संगठन छ । कुनै वार्ड छैन जहाँ पार्टीको समिति नभएको होस् । कुनै टोल छैन जहाँ कांग्रेसको सदस्य नभएको होस्,' कांग्रेसको सबल पक्षको पहिलो बुँदामै गगनले प्रस्तावमा लेखेका छन् ।

प्रस्तावमा गगनले पार्टीमा लोकतन्त्रिक र खुला वातावरण रहेको बताएका छन् । ' पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास छ । नेतृत्व छनोट प्रक्रयामा सहभागितामात्रै हैन निर्णय प्रक्रियामा सहभागिता पार्टीभित्र चित्त नबुझेको कुरा भन्ने र फरक मत राख्ने खुला वातावरण छ,' गगनले उल्लेख गरेका छन् ।

गठबन्धन सरकारको विषयमा आलोचना गर्ने महामन्त्री थापाले यो सरकारको काम पार्टीले प्रचार गर्न नसकेको बताएका छन् । 'सरकारले गरेका कामको पार्टीबाट यथोचित प्रचार हुन सकेको छैन,' आत्मसमीक्षा गर्नुपर्ने विषयमा गगनले लेखेका छन् । यसमा पार्टीसँग समन्वय गरेर सरकारले काम गर्ने परिपाटी बन्न नसकेकोसमेत उनले उल्लेख गरेका छन् ।

गगनले सांगठनिक प्रस्तावमा अब कांग्रेसका मतदाताले कहिल्यै अरु चिन्हमा मतदान गर्न पर्ने अवस्थाको सिर्जना गर्न नहुने उल्लेख छ । 'अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिन्हमा मत हाल्ने अवस्था सिर्जना गर्ने छैन,' गगनले भनेका छन् ।

यसका लागि पार्टीले मिसनमा प्रस्टता, विधानको परिपालन, जिम्मेवारी र जवाफदेहिता, बहस, संवाद र प्रशिक्षणका साथै सामाजिक आन्दोलन गर्नुपर्ने प्रस्ताव राखेका छन् ।

महामन्त्री थापाले हरेक तहको उम्मेदवार छनोट प्रत्यक्ष मतदानबाट गर्नुपर्ने प्रस्ताव गरेका छन् । 'स्थानीय तहको निर्वाचनको हकमा उम्मेदवार छनोट सोही तहका पार्टी सदस्यहरूले प्रत्यक्ष मतदान( प्राइमरी इलेक्सन)गरी टुङ्ग्याउने,' उनले भनेका छन् । गगनले विधानअनुसार नै १५ औं केन्द्रीय महाधिवेशन हुनुपर्ने प्रस्तावसमेत गरेका छन् । विधानअनुसार २०७२ मंसिरमसान्तभित्र महाधिवेशन हुनुपर्छ । जसका लागि प्रदेशको अधिवेशन २०७२ कात्तिकभित्र, जिल्ला अधिवेशन २०७२ असोजभित्र र क्षेत्रीय अधिवेशन २०७२ भदौभित्र गर्नुपर्ने क्यालेन्डर गगनले प्रस्तावमा राखेका छन् । उपसभापति र महामन्त्रीको प्रस्तावमाथि आजबाट केन्द्रीय समितिमा छलफल चल्ने छ । केन्द्रीय समितिको सुझावसमेत समेटेर प्रस्तावहरू महासमितिमा प्रस्तुत गरिने कांग्रेसले जनाएको छ । महासमितिमा अर्को महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिबारे प्रस्ताव पेश गर्ने कार्यसूची रहेको छ ।

■■■


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/०४ गते)

वामदेव भण्डारीको नाति हिराप्रसाद भण्डारीको छोरा मन्दकला भण्डारीको पति कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं २८ (साबिक लेखनाथ नगरपालिका वडा नं ०४) बस्ने मुक्तिनाथ भण्डारीको मिति २०८०/०९/१५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको काहुँखोला शाखामा रहेको बचत खाता नं. ११६०२९३७५५८००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती मन्दकला भण्डारीले यस बैंकको काहुँखोला शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय काहुँखोलामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

शाखा कार्यालय काहुँखोला, कास्की फोन नं. ०६१-५८४२५५/२६६



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/०४ गते)

श्री गोपाल सुलुजु/तुल्सी सुलुजुको छोरा, मोन प्यारी सुलुजुको श्रीमान भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं ०५ बस्ने राम गोपाल सुलुजुको मिति २०८०/०९/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भक्तपुर शाखामा रहेको बचत खाता नं.१३५००६९९६७८००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय भक्तपुरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

शाखा कार्यालय भक्तपुर फोन नं. ०१-६६१०३००



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/११/०४

यस कम्पनीको मिति २०८०/१०/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **आनन्द हिमालयन होलिडेज प्रा.लि.** (प्रा.लि. नं. २५५४८९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आनन्द हिमालयन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LARSEN AND TORBO LIMITED ECC CONSTRUCTION GROUP

LT. No. 299563

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Assistant | 21 | 0 | 800 | २८,९०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Civil Supervisor | 1 | 0 | 3500 | १२६,४५० | | | | | | |
| 3 | Mason Assistant | 15 | 0 | 800 | २८,९०५ | | | | | | |
| 4 | Reinforcing Fitter Assistant | 30 | 0 | 800 | २८,९०५ | | | | | | |
| 5 | Riggers | 3 | 0 | 1200 | ४३,३५५ | | | | | | |
| 6 | Safety Steward | 4 | 0 | 1200 | ४३,३५५ | | | | | | |
| 7 | Welder | 4 | 0 | 1200 | ४३,३५५ | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १२ गते (24th Feb. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: बुटवलमा मिति: २०८० फागुन १३ गते (25th Feb. 2024) मा हुनेछ ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/११/०४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/११/१८

बोलपत्र खोलिने मिति: २०८०/११/२० दिउँसो ३ बजे

तपसिल

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, ठेगाना तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | धितो अधिविकर्ष कर्जा | **ऋणी : निर्मला श्रेष्ठ**<br>(ना.प्र.नं. ६७१०२०/२३७२, मिति २०६४/०६/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>ठेगाना : धनगढी ०५, कैलाली<br>बाबु : धर्म बहादुर श्रेष्ठ<br>बाजे : हर्क बहादुर श्रेष्ठ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. धर्म बहादुर श्रेष्ठ**<br>(ना.प्र.नं. ६७-७६२४, मिति २०४०/१२/२० मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : हर्क बहादुर श्रेष्ठ<br>बाजे : गम्भु नारायण श्रेष्ठ<br>**२. उमेश श्रेष्ठ**<br>(ना.प्र.नं. ६७१०२०/१२७५४, मिति २०६८/०६/१५ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : धर्म बहादुर श्रेष्ठ<br>बाजे : हर्क बहादुर श्रेष्ठ<br>**३. मिन देवी श्रेष्ठ**<br>(ना.प्र.नं. ६५१६, मिति २०४३/०२/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : धर्म बहादुर श्रेष्ठ<br>ससुरा : हर्क बहादुर श्रेष्ठ | निर्मला श्रेष्ठको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ४ (१६३०.००) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले पर्चेको सम्पूर्ण लिगालिगापात समेत । |
| २. | धितो अधिविकर्ष कर्जा | **ऋणी : धिरेन्द्र कठायत र रूपा कठायत**<br>ठेगाना : घोडाघोडी १०, कैलाली<br>**(क) धिरेन्द्र कठायत**<br>(ना.प्र.नं. ६१६७०, मिति २०६१/८/७ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : लिलाराम कठायत<br>बाजे : श्री कठायत क्षेत्री<br>**(ख) रूपा कठायत**<br>(ना.प्र.नं. ३५, मिति २०६४/१२/२१ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको)<br>पति : लिलाराम कठायत<br>ससुरा : श्री कठायत क्षेत्री<br>**व्यक्तिगत जमानीकर्ताहरु:**<br>**१. पुष्कल बहादुर कठायत**<br>(ना.प्र.नं. ३३०७६, मिति २०५६/१०/०७ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : लिलाराम कठायत<br>बाजे : श्री कठायत क्षेत्री<br>**२. दिव्या कठायत**<br>(ना.प्र.नं. ६७३०२८/१६४, मिति २०६३/१०/०६ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : पुष्कल बहादुर कठायत<br>ससुरा : लिलाराम कठायत<br>**३. वर्षा हमाल**<br>(ना.प्र.नं. ६७-०१-७५-०५८६१, मिति २०७५/०६/१२ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : धिरेन्द्र कठायत<br>ससुरा : लिलाराम कठायत | रुपा कठायतको नाममा कैलाली जिल्ला मालपोत कार्यालय कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, खैरेपानी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ३३९ (०-८-१०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले पर्चेको सम्पूर्ण लिगालिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएको ले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## सोताङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशि प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०।११।०४)

यस कार्यालयको मिति २०८०।०९।२५ गते प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आह्वान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मूल्याङ्कन प्रचलित कानून बमोजिम मूल्याङ्कन समितिले गरी तपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि दफाको उप दफा (३) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल रकम रु. |
|---|---|---|---|
| १ | BIRENDRA JYOTI SECONDARY SCHOOL BHAWAN NIRMAN (03/SRM/NCB/2080/81) | BETGHARI KALIKA SERVICES PVT.LTD. NECHA SALYAN RURAL MUNICIPALITY-4 SOLUKHUMBU NEPAL | 67,72,796.00 |

प्रमुख प्रशासकिय अधिकृत
सोताङ गाउँपालिका

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नेतालाई उन्मुक्ति किन ?

ललिता निवास जग्गा घोटाला प्रकरणमा शक्तिशाली नेताहरुले उन्मुक्ति पाउँदा अदालतमाथिको आशंका फेरि बढेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालतले सामुहिक निर्णयमा आफ्नो क्षेत्राधिकार नपर्ने भन्दै शक्तिशाली नेताहरुलाई छुट दिँदा आशंका बढ्नु स्वभाविक नै हो ।

ललिता निवास प्रकरणमा मालपोत अधिकृत जति दोषी थिए ती भन्दा दोषी मन्त्रिपरिषद्मा लैजाने मन्त्री हुन् । नेतृत्व त्यो हो जसले प्रक्रियागत ज्ञान र आफ्नो कार्यक्षेत्रमा पर्ने सबै विषयको ज्ञान राख्नुपर्छ । मन्त्री पद जिम्मेवार नभए पनि मन्त्री पद सम्हाल्ने व्यक्ति यसमा पूर्ण जिम्मेवार हुनुपर्छ । अझ मन्त्रिपरिषद्का अरु मन्त्री र प्रधानमन्त्री पनि यो विषयका भागीदार हुनुपर्छ ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल प्रधानमन्त्री भएकै पालामा बालुवाटारमा रहेको सरकारी जग्गा अनेकन जालसाजी गरी थुप्रै व्यक्तिको नाममा गएको थियो । उक्त जग्गा कम्पनीको नामबाट गुठीको नाममा लान डा बाबुराम भट्टराईले पनि सघाएका थिए । त्यसैले पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईलाई उन्मुक्ति दिन नमिल्ने देखिन्छ ।

उनीहरुमात्र हैन मन्त्रालयको नेतृत्व सम्हालेका विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बर क्षेत्रीलाई पनि अदालतले सफाइ दिएको छ । मन्त्रिपरिषद्मा सामूहिक निर्णय गरिएको थियो भनेर अदालत र अख्तियारको दाबी देखिन्छ । त्यसो भए के सामूहिक सेटिङमा बिचौलिया र कर्मचारी लागेका हैनन् त ? त्यसैले मन्त्रिपरिषद्मा पनि यो लुट प्रकरण सेटिङमै भएको देखिन्छ ।

पछिल्लो समय अदालतले मन्त्रीहरुलाई र शक्तिमा रहेका नेताहरुलाई छुट दिने क्रम बढ्दो छ । अख्तियारले पनि विभिन्न घोटालामा मुछिएका मन्त्रीहरुलाई बयानधरी लिन सकेका छैनन् । बहुचर्चित टेरामक्स प्रकरणमा अख्तियारले पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र वर्तमान मन्त्री मोहनबहादुर बस्नेतलाई छुनै सकेको छैन । यतिमात्र हैन भुटानी शरणार्थी प्रकरणमा अरु थुनामै रहँदा कांग्रेसका शक्तिशाली नेता बालकृष्ण खाण छुटेका छन् । कांग्रेस नेता तथा डलर अर्बपति विनोद चौधरीका भाइ अरुण चौधरीलाई अदालतले ठाडो आदेश दिएर हिरासतमुक्त गरेको छ ।

यसअघि अदालतका न्यायाधीशले मुद्दा छिनाउन करोड डिल गरेको अडियो सार्वजनिक भएको थियो । व्यवसायी इच्छाराज तामाङलाई छुटाउन चालेको उक्त चाल बाहिरिएपछि न्यायाधीश राजकुमार कोइराला निलम्बनमा परे । अहिले इच्छाराजलाई अदालतले दोषी ठहर गरिसकेको छ । यदि उक्त अडियो प्रकरण बाहिर नआएको भए सायद अदालतले इच्छाराजलाई उन्मुक्ति दिने थियो होला ? सर्वसाधारणले यसरी सोच्ने गरेका छन् । त्यसैले अदालतले सानालाई ऐन ठूलालाई चैनको पारामा फैसला गर्ने चलनको अन्त्य गर्नुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने- 'वत्स ! के तिमी जान्दछौ तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँ हेरी-बुझी मात्र उठाउँछ । चाणक्यले आफ्नो मात्र विश्वास गर्छ । राक्षसको चिन्ता व्यर्थ छ । सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य । यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छौं ।

उसले भन्यो-'म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडें । फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ । मैले सोधें- ' किन ? किन कि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ । राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ । मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुनै सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन् । आज तिनै मुरा बनेका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पाली बसेकी छ ।

यसरी शकटारबाट चन्द्रगुप्तको परिचय पाएपछि चाणक्यलाई त्यस बालकलाई भेट्ने इच्छा प्रबल भयो । उनले शकटारलाई भने- 'तात ! हामीलाई यस्तो बालकको आवश्यक छ । उसका सम्पूर्ण लक्षण हाम्रो अनुकूल छन् । हामी सबैले उसकी आमालाई भेट्यौं । चाणक्य चन्द्रगुप्तसँग भेट्ने समयसमेत तय गरी शकटारसँग विदा भई जुन भेषमा आएका थिए । त्यसै भेषमा उज्यालो हुनुभन्दा पहिले नै आफ्नो अज्ञातवासतिर लागे ।

अर्को दिन मध्यान्ह समयमा चाणक्य र शकटार ज्योतिषीको रूपमा उत्तर सीमावर्ती वन क्षेत्रमा गए । त्यहाँका बासिन्दाहरू लडाकु प्रवृत्तिका थिए । यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले । शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे कुनै युवकले तिनलाई मुराको झुपडीमा पुयाइदियो । यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे ।

झुपडीमा मामुली घरेलु सामान केही गाँसेका (बुनेका) पातका पखा, धनुष र त्यसको ठोक्रो थियो । मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन् ।

क्रमशः

# राजनीतिमा राष्ट्रिय स्वार्थको खाँचो



सनत गिरी

राजनीतिमा भिन्नभिन्न वाद हुनु स्वाभाविकै हो । तर वादको नाममा राजनीतिलाई दूषित पार्ने खेल बन्द गरिनुपर्छ । आफू भए ठीक आफूभन्दा बाहिर भए बेठीक भन्ने संकीर्ण स्वार्थका कारण राजनीति धुमिल बनेको हो । नेपालमा मात्र होइन विश्वमै राजनीतिलाई तँछाडमछाडले गाँजेको छ । शक्ति राष्ट्रहरुमासमेत देशलाई भन्दा आफ्नै पार्टी, समूह र व्यक्तिलाई मात्र हेरेर राजनीति भइरहेको देखिन्छ । के हामी नेपाली हौं, नेपाल सुहाउँदो राजनीति गर्छौं भनेर भन्न सक्दैनौं ?

मुलुकको वर्तमान अवस्था धमिलो छ, जनतालाई चित्त बुझ्दो छैन । दलको नेताहरू आ-आफ्नै स्वार्थमा तल्लीन देखिन्छन् । नेताहरूलाई आगामी निर्वाचनको चिन्ता छ, गरिब जनता कसरी बाँचिरहेका छन् भन्ने चिन्ता छैन । चुनावमा सत्तामा पुग्नेमात्र चिन्ता देखिन्छ नेताहरूमा । सत्तामा गएपछि के-के गर्ने भन्ने स्पष्ट भिजन नेताहरूमा देखिन्न ।

देशमा बहुमतको राजनीतिक खेल हिजो थियो, आज पनि भइरहेको छ । सत्ता गठबन्धनमा आबद्ध दल सत्ता टिकाउनै व्यस्त देखिन्छन् भने सत्ता बाहिर एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता दल पनि जनताका एजेण्डा उठाउनुभन्दा सत्तामा कसरी पुग्ने भन्नेमै केन्द्रित देखिन्छन् । भन्दा रिसाउने, नभन्दा नहुने अवस्था छ, देशमा ।

राजनीतिक अस्थिरता नहोस् भनेर जनताले चाहेकै छन् । तर देशमा राजनीतिक अस्थिरता नहोस् भनेर जनताले चाहेकै छन् । विगत एक वर्षदेखि देशमा राजनीतिक स्थिरता छ त्यो सुखद कुरा हो, तारिफयोग्य विषय हो । हुन त वर्तमान सत्ता गठबन्धन कति समय कायम रहन्छ, त्यो समयले देखाउला । त्यसो त नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबीच आलोपालो सरकार चलाउने भनेर 'भद्र सहमति' भएको भनिन्छ । सुन्नमा आएअनुसार वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले दुई वर्ष, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले एक वर्ष र कांग्रेस सभापति शेरबहादुर देउवाले दुई वर्ष सरकार चलाउने अथवा प्रधानमन्त्री बन्ने भद्र सहमति भएको भनिएको छ । तर यो भद्र सहमतिबारे प्रमुख पार्टीका नेताहरूले अहिलेसम्म केही बोलेका छैनन् । यदि यो भद्र सहमति कुनै दलले उल्लंघन गरे भने देशमा फेरि राजनीतिक अस्थिरता हुने आँकलन गर्नुपर्ला !

त्यसो त राष्ट्रिय सभाको अध्यक्ष कुन पार्टी बन्ने भनेर सत्ता गठबन्धनमा अहिले फेरि फाटो आइरहेको देखिन्छ । यही विषयलाई लिएर कतै सत्ता गठबन्धन टुट्ने त होइन ? यो संसयको विषय बनेको छ । यदि राष्ट्रिय सभाको अध्यक्षलाई लिएर सत्ता गठबन्धन टुट्यो भने फेरि अर्को कस्तो गठबन्धन बन्ला, राजनीतिले कुन रूप लेला यो अहिल्यै भन्न सक्ने अवस्था छैन ।

त्यसो त प्रमुख प्रतिपक्ष दल नेकपा एमाले वर्तमान सत्ता गठबन्धन जति सक्दो चाँडो टुटोस् भन्ने चाहन्छ, त्यो प्रतिपक्षीको धर्म पनि हो । एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी जस्ता सत्ताबाहिर रहेका पार्टी वर्तमान सत्ता गठबन्धन टुटेको अवस्थामा नयाँ राजनीतिक विकल्प दिन तयार भएर बसेका देखिन्छन् । यदि वर्तमान सत्ता गठबन्धन टुटेको अवस्थामा नयाँ राजनीतिक विकल्प दिन तयार भएर बसेको देखिन्छ । यदि वर्तमान सत्ता गठबन्धन टुट्यो भने फेरि देशमा राजनीति, फेरि चक्रव्युहमा पर्ने स्पष्ट देखिन्छ । पार्टीहरूले शासन मिलेर चलाउन नसकेको अवस्थामा जनताले अर्को भरपर्दो विकल्प नखोज्लान् भन्न सकिन्न । जनताले दलहरूको काम कारबाही हेरिरहेका छन् । जनता 'पर्ख' र 'हेर'को अवस्थामा छन् ।

त्यसो त देशमा जुनसुकै दल आए पनि जनताको जीविकार्जन माथि उठ्न नसकेको अवस्था छ । देशमा एकपछि अर्को भ्रष्टाचारका शृंखला बढ्दै गएका छन् । अख्तियारले दैनिक भ्रष्टहरूमाथि कारबाही गरेका समाचार आउँछ । तर भ्रष्टहरूले दिनदिनै उन्मुक्ति पाइरहेको देखिन्छ । अख्तियारले भ्रष्टहरूमाथि मुद्दा हाल्ने, अदालतबाट छुट्ने भइरहेको अवस्था छ । यस्तो शृंखलाला कति दिन रहने ?

यता वर्तमान सरकारको काम कारबाही सन्तोषजनक नै देखिन्छ । प्रधानमन्त्री दाहालले पुराना मासिएका (खारेज भएका) उद्योग फेरि पुनर्जीवित गर्ने शृंखला थालेका छन् । यो स्वागतयोग्य छ, धन्यवाद छ प्रधानमन्त्री दाहाललाई । देशमा रोजगारी नपाएर लाखौं युवा विदेशिएका हुन् । त्यसैले देशमै रोजगारीको व्यवस्था गरिए देशका होनाहार युवा विदेशिने क्रम रोकिने थियो । त्यसका लागि सरकारले एउटा-दुईटा होइन, सयौं कलकारखाना आफैंले सञ्चालन गर्नुपर्छ । युवाहरूलाई देशमै रोजगारीको अवसर दिइनुपर्छ ।

वर्तमान सरकार गठन भएपछि ठूला भ्रष्टाचारका फाइल खोलिन थालेको छ, यो पनि राम्रो पक्ष हो । तर यतिमै चित्त बुझाएर बस्न मिल्ने अवस्था छैन । भूकम्पपीडितलाई खोइ सरकारले गाँस बासको व्यवस्था गरेको ? मिटरब्याजीसम्बन्धी कानुन बन्यो । खोइ साहुकारलाई कारबाही भएको ? जनता झन्झन् गरिब भइरहेका छन् । विदेशी ऋण एकपछि अर्को गर्दै बढिरहेको छ । हाम्रै थाप्लोमा छ, खर्बौं ऋण । यो ऋण कसरी तिर्ने ? खालि कोरा भाषणले मात्र देश समृद्ध हुने होइन, भाषण व्यवहारमा उतारिनुपर्छ ।

हुन त नेपाली राजनीतिमा यतिबेला गणतन्त्र कि राजतन्त्र भन्ने बहस पनि भइरहेको छ । राप्रपाजस्ता संसद्मा रहेका शक्ति राजतन्त्रको पक्षमा सडकमा उत्रने तयारीमा छन् । अबको विकल्प के हो, त्यो जनताले नै फैसला देलान् । राप्रपाको आन्दोलनले कस्तो मोड लेला, जनताले कसरी लेलान्, त्यो भविष्यले देखाउला ! तर राप्रपाले अघि सारेको हिन्दूराज्यको एजेण्डा भने स्वागतयोग्य नै हो । किनभने हाम्रो देशमा ८० प्रतिशतभन्दा बढी हिन्दू छन् भने नेपाललाई हिन्दूराज्य बनाउँदा के बिग्रिन्छ ? नेपाललाई हिन्दूराज्य बनाउँदा झन् सबै खुसी हुनुपर्ने हो । नेपाललाई विश्वका हिन्दूहरूको नेतृत्व गर्नुपर्छ ।

हुन त नेपालमा जनताले सोचेअनुसार विकास हुन सकेको छैन । हरेक ठाउँमा भ्रष्टाचार, अनियमितता हुन्छ, अनि कसरी सोचेअनुसार विकास हुनु । ठेकेदारहरू सही र इमान्दार भए भने देशमा विकास पनि सोचेअनुसार हुने छ, हुनुपर्छ । नेपालमा खासगरी विकास निर्माणमै भ्रष्टाचार भइरहेका छन् । यस विषयमा जनताले अझ बढी खबरदारी गर्नुजसरी देखिन्छ । देशमा भ्रष्टाचारविरुद्ध जनताहरू एक हुनुपर्ने बेला आएको छ । खालि सत्ते सत्तामात्र भन्दा देश भने संकटतर्फ गइरहेको अवस्था छ ।

देशमा कस्तो व्यक्ति आए राम्रोसँग देश विकास होला भनेर यो राजनीतिक बहसको विषय बनाउनुपर्छ । देशलाई दल, नेता चाहिन्छ । राजनीति चाहिन्छ तर दल र नेता इमान्दार भइदिनुपर्‍यो । हुन त देशका प्रमुख दलहरूले वर्तमानलाई भन्दा भावी निर्वाचन (२०८४) लाई ध्यान दिएर अहिलेदेखि नै चिन्ता गर्न थालेको देखिन्छ । देश र जनताको भन्दा आगामी निर्वाचनमा आफ्नो दललाई कसरी जिताउने ? कसरी प्रधानमन्त्री बन्ने ? भन्ने चिन्ता नेताहरूमा देखिन्छ । राप्रपा, रास्वपाजस्ता फरक धारका दलका नेतामा पनि आगामी निर्वाचनमा कसरी जित्ने भन्ने चिन्ता गरिरहेको स्पष्ट देखिन्छ ।

राजनीतिमा भिन्नभिन्न वाद हुनु स्वाभाविकै हो । तर वादको नाममा राजनीतिलाई दूषित पार्ने खेल बन्द गरिनुपर्छ । आफू भए ठीक आफूभन्दा बाहिर भए बेठीक भन्ने संकीर्ण स्वार्थका कारण राजनीति धुमिल बनेको हो । नेपालमा मात्र होइन विश्वमै राजनीतिलाई तँछाडमछाडले गाँजेको छ । शक्ति राष्ट्रहरूमासमेत देशलाई भन्दा आफ्नै पार्टी, समूह र व्यक्तिलाई मात्र हेरेर राजनीति भइरहेको देखिन्छ । के हामी नेपाली हौं, नेपाल सुहाउँदो राजनीति गर्छौं भनेर भन्न सक्दैनौं ? किन कोही भारतीय लबि, किन कोही चिनियाँ लबि, किन कोही अमेरिकी लबि हुन्छौं । के नेपाल स्वतन्त्र र स्वाधीन राष्ट्र होइन ? किन हामी नेपाली माटो सुहाउँदो, जनताले रुचाएको व्यवस्था ल्याउन चाहँदैनौं ? नेपालको हितमा किन कांग्रेस, कम्युनिस्ट एक हुँदैनौं । जनता स्वतन्त्र छन् । नेताहरूले जनतालाई यता र उता पारिदिएका छन् । जबसम्म राष्ट्रिय स्वार्थमा हामी एक हुँदैनौं । तबसम्म हाम्रो राष्ट्रिय पहिचान कमजोर बन्दै जाने छ । त्यसैले हामी राष्ट्रकवि माधव घिमिरेले लेखेको कविता सम्झौं-

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे
उचाई हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे,

हामी जुट बनौं । सांसद जित्न, मन्त्री हुन, प्रधानमन्त्री हुन, फरक-फरक भए पनि नेपाल जित्न एक होऔं । अब जसरी हुन्छ हामी एक हुनेतर्फ सोचौं !

## पत्र-मञ्जुषा

# अर्थतन्त्र जोगाउन खर्च कटौती गरौं

आगामी आर्थिक वर्षको बजेटमा तलबभत्ता बढाउनुपर्ने माग राख्दै अहिले सरकारी कर्मचारीहरू विभिन्न मन्त्रालय धाउन थालेका छन् । उनीहरू भन्छन्, 'बजारमा महँगी बढ्यो । तर, तलब कम भयो । यो पटक त सरकारले तलब बढाउनैपर्छ ।'

कर्मचारीको तलब बढेपछि पेन्सन पनि बढ्छ । जनप्रतिनिधिहरूको पनि तलब बढ्छ । फेरि यता बजारमा पनि महँगी ह्वात्तै बढ्छ । अहिले नै जनताले तिरेको करबाट सरकारी खर्च धान्न धौधौ परेको छ, सरकारलाई । अबको वर्षमा झन् अर्थतन्त्र नाजुक हुने छ ।

राज्यको ढुकुटीमा राजस्व उठ्दैन । राजस्वको प्रमुख स्रोत मालपोत, यातायात र भन्सार कार्यालय सुनसान देखिन्छ । मालपोत कार्यालयमा घरजग्गा नामसारी ठप्प छ भने यातायात कार्यालयमा सवारीसाधन नामसारी । अलिकति सेयर कारोबार हुन्थ्यो । अहिले त त्यो पनि ठप्पै छ । बजार मन्दीले छोपिसकेको छ । व्यापार व्यवसाय शून्य छ ।

व्यापारीहरू भन्छन्, 'बिहान आएर सटर खोल्नुमात्र हो । राति रित्तो हात फर्किनुपर्छ ।' अहिले काठमाडौं उपत्यकालगायत मुलुकभर सटर, कोठा र फ्ल्याट धमाधम खाली भएका छन् । घरधनीहरू चिन्तित छन् । हिजो बैंकबाट ऋण लिएर घर बनाएका थिए ।

मासिक भाडा उठाएर बैंकको किस्ता तिर्ने उनीहरूको सोच थियो । तर, अहिले घर धमाधम खाली हुन थालेपछि उनीहरू डिप्रेसनमा जान थालेका छन् । सहकारी त बचतकर्ताको खर्बौं रकम डुबाएर भागिहाल्यो । अब बैंक पनि सहकारीकै अवस्थामा पुग्ने संकेत देखिएको छ ।

आमसर्वसाधारणले सरकारलाई कर तिर्न छोडिसकेका छन् । कर्मचारी, जनप्रतिनिधिलाई तलबभत्ता, सेवा सुविधा तथा कैदीबन्दीलाई सरकारले विदेशीसँग ऋण लिएर पालिरहेको छ । विदेशी ऋण २७ खर्ब नाघिसक्यो । प्रत्येक नेपालीको टाउकोमा लाखौं विदेशी ऋण छ ।

यो ऋणको साबाब्याज तिर्न सरकारसँग कुनै पनि आम्दानीको स्रोत छैन । राज्यको ढुकुटीमा राजस्व आउने स्रोतहरू सुक्दै गएको छ । विदेशीले अनुदान दिन छोडिसक्यो । यस्तो समयमा सरकारले कर्मचारी, जनप्रतिनिधिको तलबभत्ता र सेवासुविधा कटौती गर्नुपर्छ ।

तर, कर्मचारी संगठनहरू अहिले तलबभत्ता बढाउन राजनीतिक दलका नेता तथा सत्तामा बसेकाहरूसँग लबिइङ गरिरहेका छन् । पूर्वराष्ट्रपति रामबरण यादव, विद्यादेवी भण्डारी र पूर्वराजा ज्ञानेन्द्र शाहले अहिले पनि राज्यको ढुकुटीबाट तलबभत्ता तथा सेवासुविधा लिइरहेका छन् ।

हालसम्म सरकारी सेवामा कार्यरत बहालवाला वा पूर्वकर्मचारीले देशको अवस्थालाई मध्यनजर गर्दै तलबभत्ता तथा सेवासुविधा नलिने घोषणा गरेका छैनन् । उल्टो कहाँ र कसरी राज्य र जनतालाई ठगेर कमाउने भन्नेतिर उनीहरूको ध्यान गएको पाइन्छ ।

आफ्नो घर भाडामा लगाएर महिनामै लाखौं उठाउँछन् । छोराछोरी अमेरिका, अस्ट्रेलिया छन् । तर, महिना मर्नेबित्तिकै पेन्सन, भत्ता वा तलब थाप्न बढा तथा बैंक गइहाल्छन् । प्रदेश तथा प्रतिनिधिसभाका सांसद, मन्त्री, मुख्यमन्त्री तथा प्रधानमन्त्रीले अहिलेसम्म राज्यबाट उपलब्ध तलबभत्ता र सेवासुविधा लिन्न भनेर सदनमा उभिएर भनेका छैनन् ।

सदनमा सबै राजनीतिक पार्टीका सांसद छन् । त्यसमध्ये एउटैले पनि तलबभत्ता र सेवासुविधा चाहिँदैन भन्न सक्दैन । एकातिर मुलुकको अर्थतन्त्र डामाडोल भएको छ अर्कातिर महँगी र बेरोजगारी बढेको छ । अब नेपाल भारत वा चीनले लिन्छ भनेर सर्वसाधारणबीच बहस चलिसकेको छ ।

नेपालको अधिकांश भूभाग भारत र चीनले नै कब्जा गरेको छ । र, अब त्यो फिर्ता आउँदैन । मुलुकको अर्थतन्त्र र राजनीति नै नाजुक अवस्थामा पुगेको छ । अब झन् बढी समस्यामा गुज्रिने देखिएको छ । अब विदेशीले समेत नेपाललाई ऋण दिने अवस्था छैन । आफूलाई उद्योगी भन्नेहरू राज्यको सम्पत्ति दोहन गरेर अर्बपति बनेका हुन् । न कि राज्यलाई कर तिरेर र आमसर्वसाधारणलाई रोजगारी दिए । भोलि देश संकटमा परे यीनीहरूले केही सहयोग गर्ने छैनन् । त्यसकारण अब सरकारले ल्याउने आब २०८१/८२ को बजेटमा खर्च कटौती गर्नुपर्छ । कर्मचारीको तलब बढाउनुहुन्न । विदेशीसँग ऋण लिएर कर्मचारीलाई तलबभत्ता दिने होइन । अब देश बचाउनुपर्छ । खर्च कटौती गर्नुपर्छ ।

*- रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

प्रहरी अधिकारीलाई उपप्रधानमन्त्री श्रेष्ठको निर्देशन

# दबाब र प्रभावमुक्त भएर काम गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौं**- उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले दबाब र प्रभावमुक्त भएर कानुनबमोजिम प्रशासनिक र सुरक्षा चुनौती सामना गर्न प्रहरी अधिकारीहरूलाई निर्देशन दिएका छन्।

सरुवा भएर विभिन्न जिल्ला तथा कार्यालय प्रमुखका रूपमा खटिइएका ३४ प्रहरी उपरीक्षकलाई बिहीबार विशेष निर्देशन दिँदै उनले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर सुरक्षा स्थितिको गहन विश्लेषण गर्दै कार्यक्षेत्रमा कटिबद्ध भएर खटिन अनुरोध गरे।

उपप्रधानमन्त्री श्रेष्ठले लागुऔषध नियन्त्रण र कारोबारीलाई कारबाही गर्न, त्यसविरुद्ध युवाबीच सचेतना कार्यक्रम सञ्चालन गर्न तथा सुधार केन्द्र बनाउनसमेत निर्देशन दिए। सरकारले सामाजिक न्यायको क्षेत्रमा अभूतपूर्व काम गरिरहेको उल्लेख गर्दै उनले मिटरब्याजीका नाममा कुनै बिचौलिया देखिए तत्काल कारबाहीको दायरामा ल्याउन निर्देशन दिए।

मन्त्रालयले पहुँच र विभिन्न स्वार्थका आधारमा नभई क्षमता, कार्यदक्षता र अवसरको मापदण्ड बनाएर सरुवा गर्ने नीति अगाडि बढाइसकेको जनाउँदै उनले अब सरुवा, बढुवा वा नियुक्तिमा सोर्सफोर्स तथा बिचौलियाको चलखेल नचल्ने र जिम्मेवारी निर्वाहमा कमजोरी देखिए तत्काल कारबाही गरिने बताए। प्रमुखको जिम्मेवारी पाउन दल एवं नेताको ढोका चहार्ने, बिचौलियामार्फत घुसको अफर गर्ने र आफूले जिम्मेवारी नपाए जिम्मेवारी पाउने सहकर्मीको बदनाम गर्ने प्रवृत्ति त्यागनसमेत उनले प्रहरी अधिकारीहरूलाई निर्देशन दिए।

मन्त्रालयले यही फागुन १ गते २२ जिल्ला प्रहरी कार्यालय, सात प्रहरी गण, चार ट्राफिक प्रहरी कार्यालय र एक अन्य गरी ३४ प्रहरी उपरीक्षकको सरुवा गरेको थियो। सो अवसरमा गृह मन्त्रालयमा सचिव दिनेश भट्टराई र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायत उच्च अधिकारीको उपस्थिति थियो।

उपप्रधानमन्त्री श्रेष्ठले जिम्मेवारीमा जानुअघि प्रशासनिक तथा प्रहरी अधिकारी आवश्यक निर्देशन दिने प्रचलनको सुरुआत गरेका हुन्। उनले यसअघि नयाँ जिम्मेवारी तोकिएका प्रमुख जिल्ला अधिकारीलाई पनि उनले मन्त्रालयमा बोलाएर सरकारका प्राथमिकतालाई ध्यान दिएर जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएका थिए।

यसबाट प्रशासनिक र सुरक्षा अधिकारीलाई सरकारको कार्यभार, नीति र कार्यक्रमको मर्म बुझेर काम गर्न तथा कार्यकुशलता देखाउन हौसला मिल्ने गृह मन्त्रालयको विश्वास छ। मन्त्रालयले प्रहरी अधिकारीहरूको सरुवा, काज सरुवा र पदस्थापनमा निश्चित मापदण्ड तय गरिसकेको छ। सोही मापदण्डअनुसार प्रहरी उपरीक्षकहरूको नयाँ जिम्मेवारी तोकिएको मन्त्रालयले जनाएको छ।

# कामपाभित्र सञ्चालित स्वास्थ्य संस्थाले मासिक प्रतिवेदन बुझाउनुपर्ने

**काठमाडौं** (प्रस)- काठमाडौं महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले मासिक प्रतिवेदन बुझाउनेपर्ने भएको छ। यस्तो प्रतिवेदन अनलाइन प्रणालीबाट बुझाउनुपर्ने बताइएको छ। कामपाको ३२ वटै वडामा सञ्चालनमा रहेका निजी तथा सामुदायिक अस्पताल, पोलिक्लिनिकका नाममा दर्ता भएका स्वास्थ्य संस्थाले अनलाइन प्रणालीबाट मासिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको हो।

कामपा स्वास्थ्य विभागका निमित्त विभागीय प्रमुख सजिना महर्जनका अनुसार यसका लागि कामपाले एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (आइएचएमआइएस)को 'युजरनेम' र 'पासवर्ड' उपलब्ध गराउन थालेको छ। युजरनेम र पासवर्डसँगै प्रणाली कसरी सञ्चालन गर्ने भन्ने विषयमा कामपा स्वास्थ्य विभागले प्रशिक्षण दिने तयारी गरेको महर्जनले जानकारी दिए। उनका अनुसार यस विषयमा कामपाले स्वास्थ्य संस्थालाई परामर्श दिन थालेको छ।

प्रमुख महर्जनका अनुसार यसअघि स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (एचएमआइएस) कार्यान्वयनमा आएको थियो। त्यसलाई विकसित र परिष्कृत गर्दै एकीकृत प्रणाली कार्यान्वयनमा ल्याइएको उनको भनाइ थियो।

महर्जनले भने, 'यसरी बुझाइएको प्रतिवेदनमार्फत प्राप्त तथ्यांकबाट सहरमा मुख्य स्वास्थ्य समस्या र सेवा क्षमता थाहा हुनेछ। तथ्यका आधारमा नीति तर्जुमा र सेवा सुधारका योजना बनाउन सहज हुन्छ।' उनका अनुसार कामपाभित्र निजी, सामुदायिक अस्तापल, पोलिक्लिनिक र फार्मेसीसहित करिब तीन हजार स्वास्थ्य संस्था सञ्चालित छन्। विशेषज्ञ स्वास्थ्य सेवा दिने अस्पतालको संख्या करिब ७० छन्। यसलाई अद्यावधिक गराएर वास्तविक संख्या यकीन गर्ने काम भइरहेको उनले जानकारी दिए।

'एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले औषधि पसलबाहेक रोगको परीक्षण र उपचार गर्ने संस्थालाई समेटेको छ। यसबाट प्राप्त विवरणले सहरमा कति बिरामीले स्वास्थ्य परीक्षण गराए, कुन-कुन रोगको कति बिरामीले उपचार गराए, उनीहरूको उमेर समूह कुन हो, प्रयोगशाला परीक्षण कति जनाको भयो, एक्स-रे कति जनाले गराए, ओपिडी सेवा कतिले लिएजस्ता विवरण थाहा हुन्छ,' प्रमुख महर्जनले भने।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NORA STYLE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७८/१०/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT. No. 280766 चलानी नं. ६०१८६०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | खाना सुविधा / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 140 | ६०.६५० | छ |
| 2 | NAIL TECHNICIAN | 0 | 2 | 140 | ६०.६५० | छ |

कम्पनी : BLUSH AND GLOW LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/११/०३ LT. No. 300037

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/nail Technician/manicure And Pedicure | 0 | 15 | 140 | ६०.६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Active Cleaning Trade and Construction

LT. No. 299959

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | खाना सुविधा / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 6 | 1000 | ३६.४२० | छ |
| 2 | Printer | 0 | 2 | 1700 | ६१.९२० | छ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb 2024) मा हुनेछ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SONS OF SULEIMAN AHMED AL KHAMIS TRANSPORT COMPANY

पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT. No. 299333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३.६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : WENSENG INTERNATIONAL CO. LTD

पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT. No. 298621

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | खाना सुविधा / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| 1 | Cladding Technician Grade II | 25 | 0 | 16665 | ४९.७५० | छ |
| 2 | Granite Technician Grade II | 25 | 0 | 16665 | ४९.७५० | छ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No. : 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMDAAD L.L.C. (UAE)

पूर्व स्वीकृति मिति २०८०/११/०३ LT No. 300044

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | खाना सुविधा / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1200 | ४३.३५५ | छ |
| 2 | Sewerage helper | 50 | 0 | 1200 | ४३.३५५ | छ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० ११ देखि १३ गते (23-25 Feb. 2024) सम्म हुनेछ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUTTERFLY BEAUTY SALON

पूर्व स्वीकृति मिति: २०८०/११/०२ LT. No. 300011

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BHD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५२.८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OSLO COFFEE RESTAURANT COMPANY

पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT No. 295121

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWEET MAKER | 07 | 0 | 150 | ६४.५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRIANGLE ENGINEERING LLC.

पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT. No. 283369

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | खाना सुविधा / बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Installation Assistant | 15 | 0 | 120 | ४१.३८५ | छ |
| 2 | Scaffolding Installation/General | 5 | 0 | 120 | ४१.३८५ | छ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4960794 Fax : +977-1-4966420, Email: felicity@infoclub.com.np


## Musikot Municipality
## Office of the Municipal Executive
Musikot, Rukum (West)
Karnali Province, Nepal

### Invitation for Online Bids

Date of Published : 2080.11.04 B.S. (2024.02.16 A.D.)

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc. | Last Date of Bid submission electronically 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, NRs. | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk.W./W.1S2E_080/081/03 | Construction of Rugha Khola Sheetal Bazar Road Bridge | 5,000.00 | 2080.12.05 BS 2024.03.18 AD | 2080.12.05 BS 2024.03.18 AD | 15,00,000.00 | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 |

**Chief Administrative Officer**
**Musikot Municipality**

# प्रभाव दैनिक





## 'लाज शरणम्' बनाउँदै 'सक्किगोनि' टिम

चर्चित हास्य टेलिसिरियल 'सक्किगोनि' टिमले 'लाज शरणम्' नाममा फिल्म बनाउने भएको छ । बुधबार वसन्त पञ्चमीको अवसर पारेर टिमले नाम सार्वजनिक गरेको हो । टिमका एक सदस्य दीपक आचार्य 'काकु'का अनुसार फिल्मको सम्पूर्ण टिमको बारेमा केहि दिनमा औपचारिक घोषणा गरिनेछ । अर्जुन घिमिरे 'पाँडे' र कुमार कट्टेल 'जिग्री'को लेखन एवं निर्देशन रहँदै आएको 'सक्किगोनि' दर्शकमाझ निकै लोकप्रिय छ । सिरियलमा यी दुईका साथमा सिपी पुडासैनी 'घतुरे', कमलमणि नेपाल 'खुपीका बाउ', दीपक आचार्य 'काकु', सागर लम्साल 'बले', हरि निरौला 'कक्रोच'लगायतको अभिनय रहँदै आएको छ । कथामा सुहाएसम्म 'लाज शरणम्' मा 'सक्किगोनि'कै कलाकार नै रहने छन् ।





शुक्रबार ४, फागुन २०८० (Friday, February 16, 2024)


# गैरे सुरेशको 'मीरा हुँ म तिम्री'को भिडियो सार्वजनिक






■ प्रभाव संवाददाता

**काठमाडौं** – फेब्रुअरी महिनालाई प्रेमको महिना पनि भन्ने गरिन्छ । त्यसै अवसरमा भ्यालेन्टाइन डेलाई मध्यनजर गर्दै सांगीतिक दुनियाँमा गैरे सुरेशका नामले परिचित सुरेश गैरेले भ्यालेन्टाइनको को पूर्वसन्ध्यामा प्रेमिल भावनाको गीत 'मीरा हुँ म तिम्री' सार्वजनिक गरेका छन् ।

गैरे सुरेशको संगीत रहेको 'मीरा हुँ म तिम्री' मा वेनिसा पौडेलको स्वर रहेको छ भने शब्द सविता बस्नेत दानीले लेखेकी छिन् । गैरे सुरेश अफिसियल च्यानलमार्फत् सार्वजनिक गरिएको उक्त गीतमा शिला गजुरेल र विशाल थापाको अभिनय रहेको छ । सन्दीप भुजेलले निर्देशन गरेको उक्त भिडियाको सम्पादन ओम प्रसाईले गरेका छन् ।

लामोसमयदेखि आधुनिक गीतमा स्वर र संगीत दिने गरेका गैरेले यसअघि तीज गीत सुरेश 'हात्ती आयो लसलस', भोले शंकर तिम्रो रूपै भयंकर बोलको शिवभजन पनि सार्वजनिक गरेका थिए ।

सांगीतिक दुनियाँमा सफल संगीतकारका रूपमा छाएका गैरे सुरेश 'बिम्ब'मार्फत् सांगीतिक दुनियाँमा प्रवेश गरेका थिए । त्यसपछि उनका 'सम्भावना', 'चर्चा', 'गुमनाम', 'शरद'लगायत २० बढी एल्बम बजारमा आएका छन्। यस्तै, उनले 'नाईं नभन्नू ल २', 'शब्द', 'राजधानी' चलचित्रमा समेत संगीत भर्दै स्थापित संगीतकारका रूपमा परिचित छन् ।

उनले संगीत गरेका गीत र गजलहरू ' यहाँ देशको छ चिन्ता', 'मनैं कसैलाई रहर हुँदिन', 'किन हजुर नबोलेको', 'तिम्रो मेरो मेरो सम्बन्धको चर्चा चल्छ चल्न देऊ', 'कति बोलेर पछुताउँछन्' आदि हरेक उमेर र वर्गका श्रोताका लागि लोकप्रिय र कर्णप्रिय छन्। सांगीतिक दुनियाँबाट स्रोताहरूको मन जित्न सफल सुरेश सशस्त्र प्रहरी बलमा प्रहरी नायब उपरीक्षक (डिएसपी) समेत हुन् ।

## 'अ डिस्ट्र्याक्सन' क्वाटरफाइनलमा

**काठमाडौं (प्रस)**– छोटो नेपाली सिनेमा 'अ डिस्ट्र्याक्सन' वर्ल्ड इम्प्याक्ट फिल्म फेस्टिवलको क्वाटरफाइनलमा पुगेको छ ।

९ मिनेट ४५ सेकेन्ड लामो यो सिनेमालाई प्रमोद त्रिमूलले निर्देशन गरेका हुन् भने ओम राज राउतले लेखेका हुन् ।

सिनेमाले क्वाटरफाइनलमा स्थान सुरक्षित गरेकोमा लेखक राउतले उत्साह व्यक्त गरेका छन् । 'वर्ल्ड इम्प्याक्ट फिल्म फेस्टिवलमा परिचित हुनु साँच्चै नै सम्मानिय कुरा हो । हामीलाई आशा छ 'अ डिस्ट्र्याक्सन' सिनेमाले दर्शकहरूको प्रविधिसँग सम्बन्ध र त्यसले व्यक्तिगत स्थितिमा पार्ने प्रभावहरूलाई प्रतिबिम्बित गर्नेछ', राउतले भने ।

सिनेमालाई सन् २०२२ को कान फिल्म फेस्टिवलमा छनौट भएको 'ला खाउरिया' र कान क्रिटिक्स विकमा ४ वटा पुरस्कार जितेका जुहान कामिलो मोरेनोले खिचेका छन् । यस्तै अबी लाहोत यसका साउन्ड डिजाइनर हुन् ।

स्टुडेन्ट वर्ल्ड इम्प्याक्ट फिल्म फेस्टिवलले सकारात्मक परिवर्तन ल्याउनले आपसी महत्वपूर्ण संवादको पक्षपोषण गर्ने सिनेमाहरूलाई स्थान दिने गर्छ ।

# 'र्‍याप ब्याटल नेपाल'को टोली सिक्किममा

**काठमाडौं (प्रस)**– युजिसा इन्टरनेसनलको आयोजना र राज्य मिडिया नेटवर्कको सह-आयोजनामा हुन लागेको र्‍याप गीतको रियालिटी शो 'र्‍याप ब्याटल नेपाल' को अडिसनका लागि प्राविधकसहितको टोली सुटिङका काठमाडौंबाट भारतको सिक्किम प्रस्थान गरेको छ । शोको टिम बिहीबार काठमाडौंबाट सिक्किमका लागि प्रस्थान गरेको हो । टोलीलाई राज्य मिडिया नेटवर्कका अध्यक्ष सरोज ओझाले विदाई गरेका छन् । यो शो एपीवान टेलिभिजनमा अप्रिलबाट प्रसारण आउँदैछ । नेपाली साङ्गीतिक फाँटकादेखि बलिउडका संगीतकर्मी शोमा निर्णायक रहने शोका निर्देशक सानु खानले बताए । इभेन्ट निर्देशक डेभिल सिंह राजपुतले युवासहित सबै किसिमका दर्शकलाई सांगीतिक माहोलमाझ रम्ने वातावरण शोले दिने बताए ।

शोको अडिसन भारतको सिक्किमसहित दार्जिलिङ र सिलिगुढीमा समेत हुँदैछ । दार्जिलिङ र सिलिगुढीको अडिसन पश्चात नेपालमा झापा, इटहरी, जनकपुर, चितवन, पोखरा हुँदै काठमाडौंमा अडिसन हुनेछ । जस अनुसार फेब्रुअरी १७ मा सिक्किमको रेमन्ती सङ्गीत एकेडेमी, फेब्रुअरी १९ मा दार्जिलिङको होटल युमा, फेब्रुअरी १९ मा सिलिगुढिको कर्मा म्युजिक एकेडेमी, फागुन ११ गते झापा बिर्तामोडस्थित बिटिएम मन्त्र थकाली, फागुन १३ गते इटहरीको होटल मादेन इन, फागुन १५ गते जनकपुरको होटल राजदरबार नवरंग रिसोर्ट, फागुन १७ गते चितवनको भरतपुरस्थित चितवन गार्डेन रिसोर्ट, फागुन १९ मा पोखरा लेकसाइडस्थित क्लब सिक्स्टिन र २१ एवम् २२ फागुनमा काठमाडौंमा हुँदैछ ।

## रंगशाला

### आइसिसी विश्वकप लिग-२

# नेपाल नामिबियासँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं**–आइसीसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजअन्तर्गतको पहिलो खेलमा नेपाल नामिबियासँग ४ विकेटले पराजित भएको छ । नेपालले प्रस्तुत गरेको १ सय ३३ रनको लक्ष्य नामिबियाले ३३.१ ओभरमा ६ विकेटको क्षतिमा पछ्याएको हो ।

नामिबियाका लागि जान फ्राकलिनले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ५३ बलमा चार चौका हिर्काए । त्यस्तै जान निकोल लोफ्टी इटनले ३० बलमा ३१ रनको पाली खेले । उनले ५ चौका हिर्काए । ओपनर माइकल भान लिनगेनले २३ तथा अर्का ओपनर निकोलास डाविनले १५ रन बनाए । नेपालका लागि सोमपाल कामीले ३ तथा ललित राजवंशीले २ विकेट लिए । रोहित पौडेलले पनि एक विकेट हात पारे ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४१.१ ओभरमा सबै विकेट गुमाएर १ सय ३२ रन बनाएको थियो । नेपालका लागि भीम सार्कीले सर्वाधिक ४४ रनको योगदान दिए । उनले ८६ बलको सामना गर्दै दुई चौका र १ छक्का हिर्काए । त्यस्तै, गुलसन झाले २१ रन बनाए । उनले ३१ बलमा ३ चौका प्रहार गरेका थिए ।

करण केसीले ३८ बलमा १६ रन बनाए । कुशल मल्लले २२ बलमा १ चौका र १ छक्का हिर्काउँदै १५ रन बनाए । पवन शर्राफले १२ रन बनाए । नेपालले नेदरल्यान्ड्स र नामिबियासँग घरेलु मैदानमा त्रिदेशीय शृंखलाबाट आईसीसी विश्वकप लिग-२ (२०२३-२०२७) को सुरुवात गर्न लागेको हो । नेपालले यो त्रिदेशीय शृंखलामा कूल चार खेल खेल्नेछ । नेपालले दोस्रो खेल आगामी फेब्रुअरी १७ मा नेदरल्याण्ड्सविरुद्ध खेल्नेछ ।

# गौरिका र एलेक्सले राखे नयाँ राष्ट्रिय रेकर्ड

**काठमाडौं (प्रस)**– कतारको दोहामा जारी वर्ल्ड एक्वाटिक्स च्याम्पियनसिपमा दक्षिण एशियाली खेलकुदमा चार स्वर्ण जित हात पार्दै रेकर्ड कायम गरेकी जलपरी गौरिका सिंहले आफ्नो पुरानो स्थापित रेकर्डलाई पुनस्थापित गरेकी छिन् ।

गौरिकाले ५० मिटर ब्याकस्ट्रोकमा आफुले जापाको फुकुवाकामा भएको वर्ल्ड एक्वाटिक्स च्याम्पियनसिप २०२३ मा कायम गरको ३१.४४ सेकेन्ड समयको समयमा ०.६४ सेकेन्डले सुधार गर्दै ३०.८० सेकेन्ड समयको नयाँ रेकर्ड स्थापित गरेकी छिन् । गौरिकाको यो दोश्रो राष्ट्रिय किर्तिमान हो । उनले १०० मिटर ब्याकस्ट्रोकमा पनि १ मिनट ५.४७ सेकेन्डको नयाँ किर्तिमान कायम गरेकी थिइन् ।

यस्तै सोही च्याम्पियनसिपमा सहभागिता जनाईरहेका एलेक्सजेन्डर शाहले पनि आफ्नो पुरानो राष्ट्रिय किर्तिमानमा सुधार गर्दै नयाँ किर्तिमान कायम गरेको दोहाबाट नेपाल पौडी संघका अध्यक्ष अशोक रत्न बज्राचार्यले जानकारी गराएका छन् ।

१०० मिटर फ्रिस्टायलमा एलेक्सले ५२.१७ सेकेन्डको समयको नयाँ कीर्तिमान कायम गरका हुन् । यस अधि एलेक्सले जापानको फुकुवाकामा भएको वर्ल्ड एक्वेटिक्स च्याम्पियनसिप २०२३ मा ५२.९४ सेकेन्ड समयको राष्ट्रिय रेकर्ड राखेका थिए । अब नेपालको तर्फबाट एलेक्सले ५० मिटर फ्रिस्टायलमा शुक्रबार प्रतिस्पर्धा गर्न बाँकी छ ।


**केपिलासगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाक्सिला, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयबाट मिति २०८०/०९/२२ गते प्रकाशित ठेक्काको सूचना अनुसार निर्धारित समयभित्र रितपूर्वक रुपमा पेश भएका ठेक्काहरुमा यस कार्यालयको मूल्याङ्कन समितिको निर्णयानुसार तपशिलका बोलपत्रदाता कम्पनीले पेश गरेको बोलपत्र न्यूनतम र शारभूत रुपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|
| 03/KRM/ 2080/81 | Supply And Delivery Of Laptops and Printers. | Acharya Photocopy & Computer Marmat Center, Diktel-02, Khotang | 25,50,000\|- |

प्रमुख प्रशासकीय अधिकृत

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ASJ COMPONENTS (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०८/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ LT. No. 289517 चलानी नं. ६०२०४४८६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 99 | 0 | 1500 | ४२,८८० | [illegible] | [illegible] | ६ दिन | [illegible] | छैन | छ | [illegible] |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/११/०४ गते*

कुमाख गाउँपालिका/सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको सहयोगमा सञ्चालित तपसिलमा उल्लेखित खानेपानी तथा सरसफाई योजनाहरू र विद्यालयहरू सरसफाई योजनाहरूको लागि आयोजना खरिद निर्देशिका बमोजिम खानेपानी तथा सरसफाई योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरू, पाइप तथा फिटिङस् एवम् औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, उपलब्ध गराइएको स्पेशिफिकेसन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न सर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म वा सप्लायरबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरू :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटिंगसहरू सप्लाई सम्बन्धी दरभाउ पत्र फारामप्रति फारम रु.३०००।- (अक्षरुपी तिन हजार रुपैया) मात्र पछि फिर्ता नहुने गरी हिमालयन बैंक कुमाख शाखामा रहेको कुमाख गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०५९०७७९७६३००११ (राजश्व शिर्षक नं.१४२४९) मा नगद जम्मा गरेको सक्कल भौचरसहित लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र अद्यावधिक कर चुक्ताको प्रमाण पत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कुमाख गाउँपालिकाको कार्यालय रागेचौर वा आयोजना सहयोग इकाई, सुर्खेतबाट सूचना प्रकाशन भएको १५ औ दिनसम्म खरिद गर्न सकिने छ ।
२. खरिद गरिएको दरभाउपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोहौं दिनको १२ बजेभित्र कुमाख गाउँकार्यपालिकाको कार्यालय वा सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना वास ईकाई कुमाख शाखामा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कल भौचर सहित फाराम सिलबन्दी गरी उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामाग्रीहरू, सिमेन्ट, पाइप तथा फिटिंङसहरू सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नु पर्नेछ । निर्माण सामाग्रीको हकमा सबै सामग्रीको गुणस्तर दरभाउपत्रमा खुलाइए बमोजिम हुनुपर्नेछ । सिमेन्टको हकमा ओ.पि.सी.सिमेन्ट हुनुपर्ने छ ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिने छ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मितिले सोह्रौं दिनको १२:०० बजेभित्र प्राप्त भैसक्नु पर्नेछ ।
४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी समितिले योजना नजिकको टुकजाने स्थान वा योजना स्थलसम्म ढुवानी भई चेकजाँच भएपछि मात्र गर्ने छ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।
५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू सूचना प्रकाशन भएको मितिले सोह्रौं (१६) दिनको २:०० बजे (फागुन १९ गते) कुमाख गाउँपालिकाको कार्यालय रागेचौरमा सयुक्त खरिद समितिका प्रतिनिधिहरू तथा साझेदार कार्यालयका प्रतिनिधि र दरभाउ पत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।
६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिनहरूमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा बिक्री गरिने छ, दर्ता गरिने वा खोलिने छ ।
७. दरभाउ पत्रमा दररेट लेख्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ, दररेट लेख्दा दिइएको तालिकाभित्र लेख्नु पर्नेछ ।
८. म्याद नाघी वा रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।
१०. दरभाउ पत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन, यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फारम साथै उपलब्ध गराइने छ, अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ, थप शर्तहरू दरभाउ पत्र साथै संलग्न गरिएको छ ।
११. यो सूचनामा केही संशोधन गर्नुपरेमा सो को सूचना कुमाख गाउँपालिकाको सुचना पाटीमा टाँस गरिनेछ ।
१२. दरभाउपत्र पेश गर्ने सप्लायरले उपभोक्ता समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
१३. अन्य थप जानकारी चाहिएमा कुमाख गाउँपालिका रागेचौर सल्यान वा ९८५७८४४८०१ नंम्बरमा सम्पर्क गर्न सकिने छ ।

**खरिद समिति र योजनाहरूको नाम :**

१. साधनमुहा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. १ ।
२. बस्नेत ज्यूला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. ४ ।
३. बेतनेखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. २ ।
४. पनेरुखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. ३ ।
५. मालिका आधारभुत विद्यालय व्यवस्थापन समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. २ ।
६. आ.वि. विर्केनेटी विद्यालय व्यवस्थापन समिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. ७ ।
७. महेन्द्र आ वि विद्यालय व्यवस्थापन सिमिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. १ ।
८. विष्णु आ.वि. विद्यालय व्यवस्थापन सिमिति, सल्यान जिल्ला, कुमाख गाउँपालिका, वडा नं. ३ ।

**संयुक्त खरिद समिति**
**कुमाख गाउँपालिका, सल्यान**

# जापानलाई उछिन्दै जर्मनी बन्यो विश्वको तेस्रो ठूलो अर्थतन्त्र

**टोकियो**- जापानले विश्वको तेस्रो ठूलो अर्थतन्त्रको हैसियत गुमाएको छ। सन् २०२३ का लागि उसको कूल गार्हस्थ उत्पादन ५९१.४८ ट्रिलियन येन (४.२१ ट्रिलियन अमेरिकी डलर) रहेको छ । जापानलाई जर्मनीले उछिनेको छ अर्थात् जर्मनीको अर्थव्यवस्थाको आकारभन्दा जापानको अर्थव्यवस्था कम भएको छ। सन् २०२३ मा जर्मनीको कूल गार्हस्थ उत्पादन कूल ४.४६ ट्रिलियन डलर कायम भएको छ।

जापानको अर्थतन्त्रमा गत वर्षको तेस्रो र चौथो त्रैमासिक अवधिमा लगातारको संकुचन देखाएको बिहीबार सार्वजनिक सरकारी तथ्यांकले यहाँको आर्थिक मन्दीलाई संकेत गरेको छ।

कमजोर खर्चका कारण अक्टोबर- डिसेम्बरको अवधिमा अर्थतन्त्र ०.४ प्रतिशतको दरले खुम्चिएको तथ्यांकले देखाएको छ । जापानमा उत्पादित वस्तु तथा सेवाको कूल मूल्य वास्तविक कूल गार्हस्थ उत्पादन (जिडिपी) अघिल्लो त्रैमासिकको तुलनामा ०.१ प्रतिशतले घटेको सरकारको प्रारम्भिक तथ्यांकले देखाएको छ।

क्याबिनेट कार्यालयका अनुसार दोस्रो त्रैमासिकको तुलनामा सन् २०२३ को तेस्रो त्रैमासिकमा ०.८ प्रतिशतले कमी आएको हो । जापानको कूल गार्हस्थ उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको निजी उपभोग अक्टोबर-डिसेम्बर अवधिमा ०.२ प्रतिशतले घटेको छ, जुन लगातार नौ महिनाको गिरावट हो। व्यावसायिक लगानी पनि ०.१ प्रतिशतले खुम्चिएको छ । कूल गार्हस्थ उत्पादनमा नकारात्मक प्रभाव पार्ने आयात १.७ प्रतिशतले बढेको छ भने निर्यात २.६ प्रतिशतले बढेको छ।

बिहीबारको तथ्यांकले सन् २०२३ मा जापानको कूल गार्हस्थ उत्पादन (जिडिपी) १.९ प्रतिशतले वृद्धि भई नाममात्रको हिसाबले ५.७ प्रतिशतले वृद्धि भएको देखाएको छ। *रासस/एएफपी*

## इजरायलले आक्रमण बढाए अथाह संकट हुने डब्ल्युएचओको त्रास

**जेनेभा**- विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले बुधबार दक्षिणी गाजा पट्टीको सहर रफाहमा इजरायली भूमि आक्रमणको सम्भावित विस्तारले निम्त्याउन सक्ने अथाह संकटको चेतावनी दिएको छ। राफाहबाट 'भर्चुअल' प्रेस ब्रिफिङमा बोल्दै, कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रका डब्ल्युएचओका प्रतिनिधि रिचर्ड पिपरकोर्नले सहरमा जम्मा भएका १.५ मिलियन मानिसहरू सुरक्षित नभएको तथा विस्थापनको नयाँ लहरले थप घाइते भएको बताएका छन्।

यसले मानिसहरूको स्वास्थ्यमा गम्भीर परिणाम निम्त्याई स्वास्थ्य प्रणालीलाई पतनको संघारमा धकेल्ने, पिपरकर्नले बताए। रफाहमा केवल तीनवटा आंशिक रूपमा कार्यरत अस्पतालहरूले वास्तविक आवश्यकताको तुलनामा केवल ४५० शय्यासहित सेवा प्रदान गर्ने गरेको डब्ल्युएचओ प्रतिनिधिले बताएका छन्।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिले बुधबार रफाको विनासकारी अवस्थाबारे यस्तो टिप्पणी गरेको थियो। खाना, पिउने पानी, सरसफाइ, स्वास्थ्य सेवा र सुरक्षाकोसमेत अभाव रहेको रेडक्रसले जनाएको छ। निरन्तर तनाव र डरले चोटपटक, उमेर र अशक्ततालगायतका धेरै बासिन्दाहरू कमजोर अवस्थामा छन्। सामान्य संक्रमण तथा रोगबाट मृत्यु हुने जोखिम बढेको मानवतावादी संगठनले जनाएका छन्।

नोभेम्बरदेखि फेब्रुअरी ९ सम्म, डब्ल्युएचओका लगभग ४० प्रतिशत मिसनहरू उत्तरी गाजामा पुगेका छन्। जसमध्ये ४५ प्रतिशत दक्षिणमा सहज बनाइएका छन् भने बाँकी अस्वीकार गरी स्थगित गरिएको पिपरकर्नले उल्लेख गरे। स्वास्थ्य एजेन्सीले तत्काल युद्धविराममा पुग्न नसके पनि महत्वपूर्ण सहायता प्रदान गर्न निरन्तर मानवीय सहयोगका प्रक्रियाहरू कोरिडोरहरू जारी राख्न आह्वान गरेको छ। *रासस/सिन्हुवा*


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/११/०४

यस कम्पनीको मिति २०८०/१०/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जागृती शैक्षिक प्रतिष्ठान सिरहा प्रा.लि. (प्रा.लि. नं. ३०८८४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **संस्कार एकेडेमी सिरहा प्रा.लि.** कायम गरिएको व्यहोरा सबै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/११/०४

यस कम्पनीको मिति २०८०/१०/०५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सि.के. इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि. नं. २६३८६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सि.के. कर्पोरेट सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा सबै सूचनाद्वारा जानकारी गराईन्छ ।

अरिहन्त मल्टिफाईबर्स लिमिटेड
सोनापुर, सुनसरी

### वार्षिक साधारण सभा बस्ने सूचना

अरिहन्त मल्टिफाईबर्स लिमिटेडको मिति २०८०।१०।२६ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७९।८० को तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(१) सभा हुने मिति, समय र स्थान :**

१. मिति : २०८०।११।२५ गते (तदनुसार ०८ मार्च २०२४)
२. समय : बिहानको १०:०० बजे
३. स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**(२) छलफलका लागि प्रस्तुत हुने विषयहरु :**

१. संचालक समितिले तयार गरेको आ.व.२०७९।०८० को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।
३. चालु आर्थिक वर्ष २०८०।०८१ का लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा।
५. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा।
६. विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### मोटरसाइकल हराएको सूचना

मिति २०८०/१०/२१ गते अ. रातको १२:०० बजेको समयमा का.जि. का.म.न.पा. २२ राष्ट्रिय ट्रमा सेन्टर अस्पतालको पार्किङमा पार्किङ गरेर राखेको ठाउँबाट बा. प्र. ०२-०३५ प ६२५८ नम्बरको कालो निलो रंगको २२० सि.सि बजाज पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

च्यासिस नं: MD2A13EX4MCH95337
इन्जीन नं : DKXCMH29683
सम्पर्क : 9801804917

## घोडाघोडी नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत आशयको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/११/०४

यस घोडाघोडी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकोमा स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ समेतको प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| ठेक्का नं. | फर्मको नाम | ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|
| NCB/GMUN/WORKS/GOODS/03/080/081 | श्री सिर्जना मेडिसिन सप्लायर्स | नेपालगंज-४, बाँके | २२५१०२४.४१ |

प्रमुख प्रशासकीय अधिकृत

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJID ABDUL MAJEED AL FARAJ
पूर्व स्वीकृति मिति २०८०/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ | LT. No. 297191 | चलानी नं. ६०११२२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A builder Building Labour | 1 | 0 | 1500 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ७ गते (19th Feb. 2024) मा हुनेछ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### ROMANIA/MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SA YADAV WHITE CLEANING SRL
पूर्व स्वीकृति मिति : २०७८/०७/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ | LT. No.268224 | चलानी नं. ६०७८७८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 20 | 550 | ७२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GAMMA CONSTRUCTION LTD
पूर्व स्वीकृति मिति : २०८०/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ | LT. No.:296972 | चलानी नं. ६०२१३०३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 125 | 0 | 16665 | ४८,७२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 6 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 3 | Electrician | 5 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 5 | Leading Hand/mason | 15 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 6 | Mason | 175 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 7 | Plumber | 5 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 8 | Steel Fixer | 50 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 9 | Tiler | 14 | 0 | 16665 | ४८,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : X7 SALON COMPANY AND HEALTH INSTITUTE FOR MEN
पूर्व स्वीकृति मिति २०८०/०७/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ | LT. No.294214 | चलानी नं.६०२०९३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGER / MASSAGIST | 25 | 0 | 150 | ६४,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL BAYADER CENTER GENERAL TRADING AND CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०३ | LT. No.295095 | चलानी नं.६०२१०२५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salon Worker/makeup Artist/hairdresser | 0 | 17 | 150 | ६४,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KITOPI RESTAURANT L.L.C (BRANCH)
पूर्व स्वीकृति मिति २०८०/११/०३ | LT. No. :299570 | चलानी नं. ६०२१८९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 180 | 20 | 2400 | ८६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ११ गते (23rd Feb. 2024) मा हुनेछ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492

## नरहरिनाथ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति: २०८०/११/०४

यस गाउँपालिकाको कार्यालय बाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/०९/०१ गतेका दिन प्रकाशित सूचना बमोजिम विश्वकुना पिपलरुख थाडुमान्डु उच्छव रामारोशन पर्यटकीय सडक निर्माण (ठेक्का नं. NNRM/NCB/BPTURTRW/06/2080/081) बोलपत्रको आह्नवान eGP (Single Stage Two Envelop) System मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रदाताहरुको प्राविधिक र आर्थिक प्रस्तावहरुमध्ये मिति २०८०/१०/०२ गते खोलिएका बोलपत्रदाहरुको प्राविधिक प्रस्तावहरुको मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०८०/११/०२ गतेको निर्णयले स्वीकृत भएको हुँदा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव तपशिल बमोजिमको मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| योजनको नाम/ठेक्का नं. | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नाम ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति समय र स्थान |
|---|---|---|
| Bishwokuna Pipalruk Thadumandu Uchhab to Ramaroshan Tourism Road (NNRM/NCB/BPTURTRW/06/2080/081) | १) श्री अभियान/पञ्चदेवल जे.भि काठमाडौं । | मिति २०८०/११/१० गते दिनको १२:०० बजे नरहरिनाथ गाउँपालिकाको कार्यालय कुमालगाउँ कालिकोट |
| | २) श्री बडिमालिका निर्माण सेवा बीरेन्द्रनगर ३ सुर्खेत । | |
| | ३) श्री भुमिराज/सत्यबती जे.भी बीरेन्द्रनगर सुर्खेत । | |
| | ४) श्री बि.क.एस.के/दोगडा केदार ज.भि काठमाडौं । | |
| | ५) श्री गंगामाला/पी.एस जेभी बीरेन्द्रनगर सुर्खेत । | |
| | ६) श्री आची बील्डर्स/चिरनजिवि/ईन्द्रदेवी जे.भि नेपालगंज ४ बाँके । | |
| | ७) श्री कौशिक/नन्दामाता जे.भि मंगलसेन अछाम । | |
| | ८) श्री न्यौपाने निर्माण सेवा फुकोट ६ कालिकोट । | |

प्रमुख प्रशासकीय अधिकृत

## नरहरिनाथ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति: २०८०/११/०४

यस कार्यालयबाट देहायको ठेक्काको लागि मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा कार्यालयमा प्राप्त भएका बोलपत्रहरु मध्ये आर्थिक रुपले न्यूनतम कबोल गर्ने तपशिलको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपशिल:

| क.स | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ कर/पी.एस बाहेक) |
|---|---|---|---|---|
| १. | NNRM/W/JMBC/NCB/07/2080/081 | जनाता मा.वि रुप्सा विद्यालय भवन निर्माण योजना | श्री उमेश निर्माण सेवा नरहरिनाथ गा.पा ५, कालिकोट | २१,९१,३३४.५६ |

प्रमुख प्रशासकीय अधिकृत

## NEPAL RED CROSS SOCIETY
### SEALED QUOTATION NOTICE

**Publication Date:16 February 2024**

Sealed quotation are hereby invited from authorize registered firms, supplier or printing press for the printing of IEC Materials. Sealed quotation should be submitted on or before 3 March 2024 up to 1:00 P.M. The sealed quotation will be open on 3 March, 2024 at NRCS, National Headquarters, Kalimati, Kathmandu at 2:00 P.M. Sealed quotation form with detail specification of the materials can be purchased from NRCS, Procurement Management Section from 16 February to 1 March, 2024, against payment of NRs. 200.00(non-refundable) during office hours.

**Nepal Red Cross Society**
**National Headquarters**
**Red Cross Marga, Soalteemode, Kathmandu, Nepal Ph.01-5370650**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११६५०० | प्रति तोला - ११५९५० | प्रति तोला - १३७५ |



**सिंचाइका लागि क्रेन लिफ्ट** | चितवन भूमिगत संयोजनात्मक जल सिंचाई आयोजनाले मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर २ राईगाउँस्थित बागमती नदीमा निर्माण गरेको क्रेन लिफ्ट सिंचाई आयोजना। *तस्बिरः सनद अधिकारी/रासस*

# नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं** – धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १४ दशमलव ४६ अंकले ओरालो लागेर दुई हजार ६२ दशमलव शून्य तीनमा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ७१ अंकले ओरालो लागेर तीन सय ६८ दशमलव ५६ मा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये बिहीबार १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने एक उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ। कुल एक करोड १४ लाख सात हजार दुई सय ६४ कित्ता शेयर रु तीन अर्ब ८६ करोड ९१ लाख १८ हजार सात सय ४१ मूल्यमा खरिद बिक्री भए। कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्षस्थानमा छ। सो कम्पनीको रु २२ करोड ८५ लाख ७६ हजार दुई सय ६७ बराबरको शेयर कारोबार भयो।

सगरमाथा जलविद्युत् कम्पनी रु ११ करोड ५९ लाख ६५ हजार छ सय २१, जोशी हाइड्रोपावर रु १० करोड ७५ लाख ५८ हजार दुई सय ८३, एनआइसी एसिया बैंक रु आठ करोड ७० लाख २३ हजार एक सय ८० र हिमालयन ऊर्जा विकास कम्पनी रु आठ करोड ५७ लाख ५१ हजार नौ सय ४५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। छ्याङदी हाइड्रोपावर आठ दशमलव शून्य एक, जोशी हाइड्रोपावर सात दशमलव ४७ र बलेफी हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३४ प्रतिशतले कमाएका छन्।

त्यस्तै मैलुङ खोला जलविद्युत् कम्पनी पाँच दशमलव ७०, प्रोग्रेसिभ फाइनान्स पाँच दशमलव ५८, माहुली लघुवित्त पाँच दशमलव ४२, रिभर फल्स पावर पाँच दशमलव १५ र हिमालयन पावर पार्टनरका लगानीकर्ताले चार दशमलव ९३ प्रतिशतले गुमाएका छन्।

# 'विद्युतीय सवारी नीतिमा सरकारको उल्टो कदम'

■ प्रभाव संवाददाता

**काठमाडौं** – पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विद्युतीय सवारी साधनको नीतिमा सरकारले उल्टो कदम चाल्न खोजेको आरोप लगाएका छन्।

प्रतिनिधि सभा अन्तर्गतको अर्थसमितिको बिहीबार बसेको बैठकमा बोल्दै पूर्वअर्थमन्त्री पौडेलले यस्तो आरोप लगाएका हुन्। उनले सरकार आफैंले बनाएको विद्युतीय सवारी साधन प्रतिको नीतिको उल्टो बाटोमा जान खोजेको देखिएको उल्लेख गरे। उनले विद्युतीय सवारी साधनको आयातले पेट्रोलियम सवारी साधनको आयातमा कमी गरे पनि त्यसले पारेको वातावरणीय सुधारलाई सरकारले बेवास्ता गरेको दाबी गरे।

उनले सरकारले राजश्व परिचालनको दृष्टिकोणले मात्रै भन्दा पनि पेट्रोलियम पदार्थ आयातको कमीले मुलुकको विदेशी मुद्रा सञ्चिति,वातावरण प्रदूषणको कमी गरी वातावरणीय सुधारको योगदानलाई हेर्नुपर्ने बताए। उनले अर्थमन्त्री स्वयं र राजश्व सचिव लगायतले लगातार विद्युतीय सवारी साधनको कारण राजश्व घटेको भन्नु सरकारको गलत बुझाइ देखिएको दाबी गरे।



पूर्वअर्थमन्त्री पौडलले जलविद्युतमा आत्मनिर्भर हुँदै जाने, आन्तरिक ऊर्जाको खपत बढाएर अन्तर्राष्ट्रिय बजार विद्युत व्यापार गर्ने भन्ने तर मुलुकको आन्तरिक राजश्वमा कमी आउँछ भनेर पेट्रोलियम पदार्थको प्रयोग गर्ने सवारी साधनहरूलाई सरकारले आयात गर्न दिइरहन नहुने बताए।

बैठकमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आर्थिक वृद्धि कम हुनु र उपभोग्य वस्तुको आयात बढी हुनु मुलुकको अर्थतन्त्रको मुख्य समस्या रहेको बताए। उनले आन्तरिक उत्पादन र रोजगारीलाई सहज नबनाई दिगो आर्थिक वृद्धि तय हुन नसक्ने बताए। उनले मुलुकको अर्थतन्त्रलाई सबल बनाउन उत्पादन र रोजगारीमा वृद्धि गर्न जरुरी रहेको बताए।

नेता कार्कीले सरकारी खर्चको प्राथमिकता पुँजीनिर्माणमा हुन जरुरी रहेको उल्लेख गरे। उनले अर्थतन्त्रमा ठूलो योगदान रहेको निजी क्षेत्र यतिबेला निराशामा रहेको बताए। मुलुकको आर्थिक वृद्धिदर ड बल डिजिटमा नभएसम्म मुलुक आर्थिक समृद्धि हुन नसक्ने बताए। त्यस्तै एमालेका प्रमुख सचेतक पदम गिरीले पनि अर्थमन्त्री र अर्थ मन्त्रालयका मातहतका कर्मचारीले समेत विद्युतीय सवारी साधनको आयात बढेको कारण अपेक्षित राजश्व उठ्न सकेन भन्नुको अर्थ आगामी बजेटमा विद्युतीय सवारी साधनमा २ सय प्रतिशत राजश्व बढ्ने आँकलन गर्नुपर्ने अवस्था देखिएको बताए।

उनले ठूला व्यवसायीहरूले अहिले वा बजेट भाषण अगाडि सवारी साधन किनेर राख्न सरकारले जनाउ घण्टी बजाइसकेको दाबी गरे। उनले विद्युतीय सवारी साधनमा सरकारले लिएको नीतिको उल्टोबाटो हिँड्नु गलत हुने बताए। उनले विद्युतीय सवारीसाधनलाई सहुलियत दिँदा भन्सार दरमा कमी आएको भएपनि पेट्रोलियम पदार्थको आयातलाई कम गरेको विषयलाई हेर्नुपर्ने बताए।

बैठकमा सांसदहरूको जवाफ दिँदै अर्थमन्त्रालयका राजश्व सचिव डा.रामप्रसाद घिमिरेले विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने नीतिबाट पछाडि नहटेको बताए। उनले मन्त्रालयले बजेट अनुसारको राजश्व संकलनको लक्ष्य तथ्याङ्कमा किन घट्यो ? भनेर देखाउनको लागि विद्युतीय सवारी साधन धेरै आयात एउटा भएको भनेर मात्रै देखाएको स्पष्ट पारे। उनले सरकारले विद्युतीय सवारी साधनलाई प्रोत्साहन दिने नीतिमा स्पष्ट रहेको बताए।

बैठकमा बोल्दै अन्य सांसदहरू अर्थतन्त्र सुधार र सुशासन कायम गर्नको थन्किएर बसेका पाँच सय र एक हजार दरका नोटलाई ब्याण्ड गर्नुपर्ने सुझाव समेत दिए। उनीहरूले कम्तीमा पनि एक वर्षको लागि पाँच सय र एक हजार दरका नोट नचल्ने बनाउन सक्नुपर्ने बताए।

## कर्पोरेट

### सिटिजन्स बैंकको महिला जागृति तथा वृद्धा आश्रमलाई सहयोग





**काठमाडौं (प्रस)**– सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बुढीगंगा गाउँपालिका ०१, पुष्पलाल चोक बिराटनगरमा अवस्थित महिला जागृति तथा वृद्धा आश्रमलाई सहयोग प्रदान गरेको छ। ज्येष्ठ नागरिकहरूलाई आश्रय दिइरहेको सो संस्थालाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ६ महिनालाई पुग्ने बराबरको दैनिक उपभोग्य खाद्यान्न सामाग्री र अन्य सामाग्रीहरू उपलब्ध गराएको छ। विभिन्न दाताबाट प्राप्त सहयोगबाट वृद्धाश्रम सन्चालन भइरहेको छ।

वृद्धा आश्रममा बिहीबार आयोजित एक समारोहबीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग स्वरूप सामग्रीहरू हस्तान्तरण गरेका हुन्। समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले एक वृद्धा महिलाले सन्चालन गरेर समाजमा अनुकरणीय काम गर्दै आएको संस्थालाई सहयोग प्रदान गर्न पाउँदा आफूलाई धेरै खुसी महशुस भएको कुरा व्यक्त गरे।

आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सन्चालन गर्ने योजना रहेको कुरा जानकारी गराएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५२ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १७ लाख १९ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ५ शाखाहरू विस्तार गरेर आगामी दिनमा देशको ६० वाट जिल्लामा सेवा प्रदान गर्नेछ।

### दिगो ग्रुपको राष्ट्रिय साझेदारमा ग्रीन अटोमोबाइल्स

**काठमाडौं (प्रस)**– दिगोले ग्रीन अटोमोबाइल्सलाई डीएफएसके डाँफेको लागि आफ्नो राष्ट्रिय साझेदार नियुक्त गरेको छ। दिगो ग्रुपले आफ्नो आधिकारिक सामाजिक सञ्जाल मार्फत डीएफएसके डाँफेको देशव्यापी बिक्री र वितरणका लागि ग्रीन अटोमोबाइल्ससँग सम्झौता गरेका घोषणा गरेका छन्। ग्रीन अटोमोबाइल्ससँगको सहकार्यले आधुनिक यातायात आवश्यकताहरूका लागि पर्यावरण-मैत्री र नवीन समाधानहरू उपलब्ध गराउने दिगोको प्रतिबद्धताको महत्वपूर्ण क्षण हो।

दिगो अन्तर्गत एनइभी नेपाल प्रालिले विगत चार वर्षदेखि डीएफएसके डाँफे, बहुउपयोगी ११ सिटर इलेक्ट्रिक मिनिभ्यान बिक्री र वितरण गर्दै आएको छ। डीएफएसके नेपालमा सार्वजनिक यातायातका लागि प्रयोग हुने पहिलो ११ सिटर इलेक्ट्रिक मिनिभ्यान हो। यसमा विद्युतीय इन्जिन भएकोले उत्कृष्ट आर्थिक फाइदा दिने र विगत केही



वर्षदेखि यात्रा, विद्यालय र व्यावसायिक उद्देश्यका लागि प्रयोग भइरहेको छ।

यसलाई विद्यालयका साथै व्यावसायिक यात्रा मार्गहरूद्वारा राम्रोसँग अपनाएको छन् र दिगोपन र शून्य कार्बन उत्सर्जन, लामो दायरा र कम सञ्चालन लागतमा योगदानको कारण सकारात्मक रूपमा लिइएको छ। हाल समयसम्म २,९०,०००+ किलोमिटर र ४+ वर्ष सफलतापूर्वक सञ्चालन भएको यो नेपालको एक मात्र विद्युतीय सवारी साधन हो।

### चौथो राष्ट्रिय लघुवित्त सम्मेलन

**काठमाडौं (प्रस)**– बैंकको पहुँचमा नपुगेका विपन्न वर्गलाई सेवा दिने तथा लघुवित्त क्षेत्रमा देखिएका समस्या र चुनौतीबारे छलफल गर्दै भावी रणनीति बनाउने उद्देश्यले यही फागुन ५ र ६ गते राजधानीमा चौथो राष्ट्रिय लघुवित्त सम्मेलन हुने भएको छ। स्वावलम्बन विकास केन्द्रले यहाँ पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिएको हो। सम्मेलनमा नियामक निकाय, नीतिगत र सरकारी निकायका प्रतिनिधि, लघुवित्त संस्थाका नेतृत्वकर्ता, सन्चालक, लघुवित्तकर्मी, सेवाग्राही, जनप्रतिनिधि गरी सात सय जना भन्दा बढीको सहभागिता रहने जनाइएको छ।

# उत्पादक संस्थाले दूध नउठाउँदा बिक्रीमा समस्या

■ प्रभाव संवाददाता

**चितवन** – पछिल्लो समय जिल्लाबाट उत्पादित दूध नियमितरूपमा बिक्री हुन छाडेको छ। जिल्ला बाहिरका २८ देखि ३० वटा दुग्ध उत्पादक संस्थाले यहाँको दूध उठाउने गरेकामा पछिल्लो समय नियमित दूध उठाउँन छाडेसँगै बिक्रीमा कमी आएको हो। जिल्ला दुग्ध उत्पादक सहकारी संघ चितवनका अध्यक्ष किशोर बगालेका अनुसार कम्पनीहरूले हप्ताको एकपटक मात्रै दूध उठाउने गरेका छन्। उनले भने, 'दूध उठ्न छाड्यो। अब कसरी बिक्री वितरण गर्ने ?' नियमित दूध बिक्री गर्ने अवस्था नभएको उनले बताए।

जिल्लामा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। जसमध्ये एक लाख ५० हजार लिटर बाहिरी जिल्लामा जाने गरेको थियो। दूध बिक्री हुन नसक्दा किसान चिन्तित भएका छन्। बगालेका अनुसार जिल्लाबाट बाहिर जाने दूध उठ्न छाडेपछि यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ताले दुग्ध उत्पादक किसानलाई सताउन थालेको छ। उनले भने, 'हामीले प्रदेश र संघीय सरकारका मन्त्री, मुख्यमन्त्री र प्रधानमन्त्रीलाई समेत जानकारी गराइसकेका छौं। अहिलेसम्म समस्याको समाधान हुनसकेको छैन।'



बाहिरबाट आयातित दुग्धजन्य वस्तुका कारण यहाँ उत्पादित वस्तुको बिक्री वितरण हुन नसकेको बगालेले बताए। उनले भने, 'रात्रिबसमा लुकाइछिपाई न्वाउनी, पाउडर दूधलगायत वस्तु भारतीय नाकाबाट आउने गरेका छन्।' सरकारले प्रतिबन्ध गरेका वस्तुसमेत चितवनका बजारमा भेटिँदा स्थानीय प्रशासनले खासै चासो नदिएको उनले आरोप लगाए। बगालेले भने, 'यही अवस्था रहे किसान आन्दोलनमा उत्रनुको विकल्प छैन', किसानहरू सडक संघर्षमा उत्रिएर आफ्नो समस्याको समाधान आफैंले खोज्नुपर्ने दिन नजिकिएको उनको भनाइ थियो।

रामनगरमा रहेको चितवन मिल्क उद्योगमा उत्पादित वस्तु खपत नहुँदा बन्द गरेपछि अझै समस्या थपिएको दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष बगालेले बताए। उनले भने, 'दूध उत्पादक किसानले असोजदेखिको भुक्तानी नपाउनु र निजी संस्थाले दूध नलानुले किसान मारमा परेका छन्।'

बगालेका अनुसार अहिले केही मात्रामा दुग्ध विकास संस्थान (डिडिसी)ले दूध उठाउने गरेको छ। निजी संस्थाहरूले लैजाने दूधमध्ये केही मात्रामा संस्थानले लैजाने भए पनि धेरै दूध उठ्न नसकेको उनको भनाइ थियो। दुग्ध उत्पादक किसानको समस्या समाधानका लागि सबै सरोकारवालाहरूले चासो दिन नसकेको संघले जनाएको छ।


## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दिक्तेल खोटाङ

### बोलपत्र आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८० /११/०४*

यस नगरपालिकाद्वारा तपशिल अनुसारको मालसामान राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रकियाको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली आपुतीकता/बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लिखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट ***http://www.rupakotmajhuwagadhimun.gov.np***, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ।

बोलपत्र सम्बन्धी विवरण

| सि. नं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | 03/DRMM/NCB/G/2080/081 | PROCUREMENT OF MOTORCYCLES FOR WARDS AND OFFICE. (180cc -6 Nos. & 155cc-3 Nos.) | २०८०/१२/०६ दिनको १५:०० बजे सम्म | २०८०/१२/०६ दिनको १५:०० बजे | १,४५,००० | ३,००० | ९० दिन |
| | बैंक विवरण | | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA.(GA-1-1)-AANTARIK RA **Account No.:** 2060100301010003 | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA. (GA-3)-DHARAUTI ACCOUN **Account No.:** 2060100303000003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ